# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ११८ | काठमाडौं | आइतबार, ०२ भदौ २०८१ | Prabhab National Daily | Sunday, August 18, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**साइबर सुरक्षाबारे सचेत रहौं**

- अपरिचित इमेल, सन्देश र लिंकहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरुबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं,
- आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रुपमा परिवर्तन गरौं,
- वाई–फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सरकारी जग्गा हडपेर छायादेवी कम्प्लेक्स बनेको प्रमाण सर्वोच्चमा

- छायादेवी कम्प्लेक्सविरूद्धको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन
- कम्प्लेक्स बनेको जग्गा गुठीको रहेको र ऐतिहासिक कमलपोखरी मासेर बनाइएको प्रमाण सर्वोच्चमा पेस
- प्रमाण जुट्दै जाँदा छायादेवीका सञ्चालकहरु दबाबमा



छाँया सेन्टरका संचालकहरू

■ प्रभाव संवाददाता

**काठमाडौं–** ऐतिहासिक सम्पदा मासेर बनाइएको ठमेलस्थित छायादेवी कम्प्लेक्सविरुद्धको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन छ । सम्पदाप्रेमीहरूको निरन्तर विरोधकाबीच सञ्चारमाध्यमहरूले पनि यो विषयलाई प्राथमिकताका साथ उठाइरहेका छन् । निरन्तर बहसमा रहेको छायादेवी कम्प्लेक्सका सञ्चालकहरूविरुद्धको मुद्दामा सर्वोच्च अदालतको मागबमोजिम सरोकारवाला निकायहरूले प्रमाण उपलब्ध गराएका छन् ।

मालपोत, गुठी संस्थानलगायत निकायबाट प्राप्त प्रमाणहरूले कम्प्लेक्स बनेको जग्गा गुठीको रहेको र ऐतिहासिक कमलपोखरी मासेर बनाइएको प्रस्ट देखाउँछ । यसरी प्रमाण जुट्दै गएपछि छायादेवी कम्प्लेक्सका सञ्चालकहरू चौतर्फी दबाबमा परेका छन् ।

ठमेलमा करिब १५ रोपनी क्षेत्रफलमा बनेको छाया सेन्टरले ऐतिहासिक कमलपोखरीको जग्गा मिचेको सर्वोच्चमा दायर मुद्दामा उल्लेख छ । २०३३ सालमा भएको नापी र २०३९ सालमा जारी भएको जग्गाधनी पुर्जामा कित्ता नम्बर १६७ मा रहेको कमलपोखरी र कित्ता नम्बर १०४० को चोक कायम रहेको जग्गामाथि पृथ्वीबहादुर पाण्डेले आफ्नो आमाको नाममा कम्प्लेक्स बनाएको स्थानीयको आरोप छ । २०७१ सालमा अधिवक्ता दिपकविक्रम मिश्र, रामहरी श्रेष्ठलगायतले सर्वोच्चमा कम्प्लेक्स सञ्चालकहरूविरुद्ध मुद्दा दायर गरेका थिए । उक्त मुद्दामा सुनुवाइ गर्दै सर्वोच्चले मालपोत कार्यालय र गुठी संस्थानसँग जग्गाको प्रमाण मागेको थियो ।

मालपोत कार्यालयले साविक नगर २९ किं नं १६७ क्षेत्रफलको १२ रोपनी १३ आना ३ पैसा २ दाम, कित्ता नम्बर १०४० को क्षेत्रफलको नौ आना दुई पैसा तीन दामको सम्बन्धमा कार्यालयको अभिलेखबमोजिम नाप नक्सा अवस्थाकै सुरु कित्ता भएको भनी अदालतलाई जवाफ दिएको पाइएको छ ।

यस्तै, गुठीको २०४० असार ६ गतेको पत्र र नापी कार्यालयको मिति २०४१ साउन १५ को पत्रानुसार १६७ कित्ताकाट भई कि.नं १६१६ क्षेत्रफलको छ रोपनी सुधा पौडेल, कि.नं १६१७ को क्षेत्रफल दुई रोपनी १० आना विणा पौडेल र कित्ता नम्बर १६१८ को क्षेत्रफल नौ रोपनी १३ आना दुई पैसा दुई दाम केयुर शमसेरकोमा बाँकी देखिएको उल्लेख गरिएको छ ।

त्यस्तै गुठी लगत तथा तहसिल कार्यालयको २०४४ माघ २१ को पत्रानुसार कि.नं १०४० र कि.नं १६१८ जग्गा धनीमा अम्बिका राणाको नाममा नामसारी भएको र गुठी लगत तथा तहसिल कार्यालयको च.नं २९९६ र २१९७ को मिति २०४७ माघ १८ गते को पत्रानुसार कि.नं १६१६ र कि. नं १६१७ रैतानी भई शंकरप्रसाद शाहबाट पुनः प्रतिमा पाण्डेकोमा गएको र कि.नं १६१८ कित्ताकाट भई २४१२ सुरेसाय हाउजिङ प्रालिमा गई सो कित्ता प्रतिमा पाण्डेमा गई प्रतिमाबाट १६१६, १६१७, २४१२ को मिति २०६५ भदौ २ मा छायादेवी कम्प्लेक्समा गएको देखिन्छ भनी सर्वोच्चलाई जवाफ पठाएको पाइएको छ ।

(क्रमशः पृष्ठ २ मा)

## हिमतालको जोखिममा हिमालय क्षेत्र

- दोलखाको च्छो रोल्पा र सोलुखुम्बुको इम्जा हिमताल सबैभन्दा बढी जोखिममा
- विश्व तापमान वृद्धिले हिमालमा हिउँ पग्लिने र भारी वर्षाले हिमताल भरिँदा फुट्ने जोखिम
- पहाडी क्षेत्रमा हिमताल विष्फोटनको असर
- चार वर्षअघि नै सार्वजनिक भएको थियो २१ वटा हिमताल जोखिमपूर्ण रहेको विवरण



**सोलुखुम्बुको थामेभन्दा माथिल्लो क्षेत्रमा अवस्थित एक हिमताल, जुन ताल शुक्रबार फुटेपछि आएको भीषण बाढीले थामे बस्ती नै बगाएको थियो ।** *तस्बिरः रासस*

■ जेबी योञ्जन

**काठमाडौं–** साढे तीन महिनाको अन्तरालमा नेपालका तीनवटा हिमताल फुटेर बाढीजन्य विपद् निम्तिएको छ । बाढीबाट जनधनको क्षति भएको छ ।

चार वर्षअघि हिमालय क्षेत्रबारे काम गर्ने अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी)ले नेपालका २१ वटा हिमताल फुट्ने जोखिममा रहेको प्रतिवेदन सार्वजनिक गरेका थिए । गत ९ वैशाखमा गोरखाको चुननुब्रीस्थित वीरेन्द्र हिमताल र शुक्रबार सोलुखुम्बुको थामेस्थित माथिल्लो क्षेत्रमा रहेका दुईवटा हिमताल फुटेका र ती तीनवटै हिमताल जोखिमपूर्ण किटान गरिएका २१ मध्येकै रहेको विज्ञहरूले बताएका छन् ।

अझै दोलखाको च्छो रोल्पा र सोलुखुम्बुको इम्जा हिमताल सबैभन्दा बढी सम्भावित खतरनाक रहेको हिमतालविज्ञ समज्वलरत्न बज्राचार्यले बताए । उनका अनुसार जलवायु परिवर्तनका कारण तीव्र वृद्धि भइरहेको विश्व तापमान र त्यही कारण अधिक हिउँ पग्लिने र भारी वर्षा हुँदा पानीको सतह बढ्दा हिमतालहरू फुट्ने गरेका छन् । फुट्नसक्ने सम्भावित हिमतालहरू बढी कोशी बेसिनका छन् । गण्डकी र कर्णाली बेसिनका कम छन् । वैज्ञानिक विधि अनपाएर उक्त अध्ययन गरिएको र जोखिमपूर्ण पहिचान गरेकोमध्येकै तीनवटा हिमताल पछिल्लो साढे तीन महिनामा फुटेको उनले बताए ।

उनले अन्य हिमतालहरू पनि फुट्ने जोखिममा रहेकाले सतर्कता अपनाउन आग्रह गरेका छन् । 'हामीले केही वर्षअघि हिमतालहरूको जोखिम अध्ययनका क्रममा भूउपग्रहले खिचेका कयौं तस्बिरहरूको विश्लेषण गरेका थियौं,' उनले प्रभावसँग भने, 'त्यस आधारमा कुन-कुन हिमताल जोखिममा छन् ? त्यसबारे प्रतिवेदनमा उल्लेख गरेका थियौं र सतर्कताका लागि अपिल गरेका थियौं ।'

(क्रमशः पृष्ठ २ मा)

### थामेभन्दा माथिका दुईवटा हिमताल फुट्दा बाढी

**काठमाडौं (प्रस)–** सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-३ स्थित थामे क्षेत्रमा शुक्रबार आएको भीषण बाढी दुईवटा हिमताल फुटेर आएको पाइएको छ । शनिबार बाढीको निरीक्षण गरेर फर्किएपछि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले हिमताल विष्फोटनले बाढी आएको पाइएको बताएका हुन् । उनले दुईवटा हिमताल फुटेर बाढी आएको र त्यसले थामे गाउँमा ठूलो क्षति पुर्‍याएको बताए ।

'माथिपट्टिको एउटा हिमताल फुट्दा त्यसले अर्को तालमासमेत दबाब सिर्जना गरेको पाइयो । त्यसरी हिमताल फुट्दा पहाडमा जमेर बसेको गेग्रानको सतह खोतलिएर ठूलो बहाव सिर्जना गरेको देखिन्छ,' निरीक्षणबाट फर्किएपछि पोखरेलले भने ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## खारेज हुनबाट जोगिए ३१७ म्यानपावर

### बाधा अड्काउ फुकाउमार्फत नवीकरण गर्न दिने सरकारको निर्णय

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगारीको लागि वार्षिक रूपमा न्यूनतम १०० जना कामदार विदेश पठाउन नसकेका म्यानपावर कम्पनीहरू खारेजी हुनबाट जोगिएका छन् । सरकारले लगातार दुई वर्षसम्म पनि १०० जना कामदार पठाउन नसकेका ३०० भन्दा बढी म्यानपावर कम्पनीलाई बाधा अड्काउ फुकाउमार्फत नवीकरण गर्न दिने निर्णय गरेर खारेजी हुनबाट जोगाएको हो ।

गत साउन ३१ गते बसेको मन्त्रिपरिषद् बैठकले आर्थिक वर्ष २०७९/८० र २०८०/८१ मा वार्षिकरूपमा कम्तीमा १०० जना नेपाली कामदारलाई वैदेशिक रोजगारीमा पठाउन नसकेका ३१७ वटा म्यानपावर कम्पनीको आर्थिक वर्ष २०८१/८२ का लागि नवीकरण गर्न आएमा बाधा अड्काउ फुकाउ आदेशमार्फत अन्तिमपटकका लागि नवीकरण गरिदिने निर्णय गरेको छ । यसरी सरकारले वैदेशिक रोजगार ऐन, २०६४ को दफा ८२ मा भएको व्यवस्थाअनुसार तोकिएको संख्यामा कामदार पठाउन नसकेर खारेजीमा जाने म्यानपावरलाई चौथोपटक नवीकरणको मौका दिएको हो ।

यसअघि पनि मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाउ आदेश जारी गरेर तीन पटकसम्म खारेजीमा पर्ने म्यानपावरहरूको इजाजतपत्र नवीकरण गर्नसक्ने व्यवस्था गरेको थियो । म्यानपावरहरूले आगामी ३१ असारसम्म म्यानपावर नवीकरण गरिसक्नुपर्ने भए पनि सरकारले बाधा अड्काउ फुकाउ आदेश जारी नगरेका कारण उनीहरू खारेजीको मुखमा पुगेका थिए । यसरी नवीकरण नहुने र खारेजीको मुखमा पुगेका म्यानपावर कम्पनीहरूको सबै कारोबार र वैदेशिक रोजगारसँग सम्बन्धित गतिविधि रोकिएको थियो ।

> न्यूनतम कोटा पूरा गर्न नसकी खारेजीको त्रासमा रहेका व्यवसायीहरूले डिमाण्ड ल्याएका कामदारको श्रम स्वीकृति दिनुपर्ने, आर्थिक करोबार फुकुवा गर्नुपर्ने र बाधा अड्काउ फुकाइ कम्पनीको नवीकरण गरिदिनुपर्ने माग गर्दै प्रधानमन्त्री कार्यालयसम्म पुगेर ध्यानाकर्षण गराएका थिए ।

न्यूनतम कोटा पूरा गर्न नसकी खारेजीको त्रासमा रहेका व्यवसायीहरूले डिमाण्ड ल्याएका कामदारको श्रम स्वीकृति दिनुपर्ने, आर्थिक करोबार फुकुवा गर्नुपर्ने र बाधा अड्काउ फुकाइ कम्पनीको नवीकरण गरिदिनुपर्ने माग गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयदेखि प्रधानमन्त्री कार्यालयसम्म पुगेर ध्यानाकर्षण गराएका थिए । सरकारले १०० कोटा पूरा नगरेका कम्पनीहरूलाई नवीकरण गर्न दिने निर्णय गरेसँगै खारेजी हुनबाट जोगिएपछि व्यवसायीहरूले राहतको सास फेरेका छन् ।

सरकारले वर्षमा न्यूनतम १०० जना कामदार पठाउनैपर्ने व्यवस्था औचित्यहीन ठहर गरेर कानुन नै संशोधन गर्न संसद्मा विधेयक लगिसकेको अवस्था भए पनि पारित हुन नसकेका कारण व्यवसायीले सास्ती खेप्नुपरेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । कानुन नै संशोधन हुने प्रक्रियामा रहेकाले सरकारले गरेको निर्णय स्वाभाविक भएको उनको भनाइ छ ।

(क्रमशः पृष्ठ २ मा)

### भिजिट भिसामार्फत विदेश जाने बढे

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष राजेन्द्र भण्डारीले भिजिट भिसामार्फत जोखिम मोलेर तेस्रो मुलुक जाने नेपालीहरूको संख्या बढेको बताएका छन् । शुक्रबार उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको बैठकमा बोल्दै उनले सरकारले वैदेशिक रोजगार व्यवसायीले ल्याएका कामदारको मागपत्र प्रमाणीकरण नगर्दा जोखिम मोलेरै भए पनि भिजिट भिसामा तेस्रो मुलुक जाने नेपालीको संख्या बढ्दो क्रममा रहेको बताएका हुन् ।

अहिले खाडी मुलुकहरूबाट आउने कामदारको मागपत्रमात्रै प्रमाणीकरण भइरहेको जानकारी दिँदै अध्यक्ष भण्डारीले युरोप, जापान, इजरायलजस्ता देशबाट आएको मागपत्र प्रमाणीकरण हुन नसकेको बताए । 'आठ/दश महिनादेखि खाडी र मलेसियाबाहेक अन्य देशबाट आएको कामदारको मागपत्र प्रमाणीकरण हुन सकेको छैन,' उनले भने, 'यस्तो अवस्थामा नेपालीहरू जोखिम मोलेरै भए पनि भिजिटमा तेस्रो मुलुक जाने र त्यहाँबाट कामका लागि जापान, युरोपलगायतका देशमा जाने क्रम बढेको छ ।'

अध्यक्ष भण्डारीले वैदेशिक रोजगारमा जानेको लागतका विषय पनि कुनै निश्चित नभएको बताए । 'फ्रि भिसा, फ्रि टिकट'मा वैदेशिक रोजगारीमा जाने व्यवस्था भए पनि कार्यान्वयन हुन नसक्ने अवस्था रहेको भन्दै सेवा शुल्कसहित लागत निर्धारण गर्नुपर्ने बताए ।




पृष्ठ १ बाट क्रमशः

## हिमतालको जोखिममा...

जोखिमपूर्ण छ कि छैन भनेर विश्लेषण भने हिमतालहरूको प्राकृतिक बाँध, स्रोत हिमालको गतिविधि र वरिपरिको अवस्थालाई मानिएको हिमतालविज्ञ बज्राचार्यले बताए । हिमताल फुटेको अवस्थामा सबैभन्दा बढी प्रभावित पहाडी क्षेत्र हुन्छ । किनभने पहाडी क्षेत्रमा पानीको गति तीव्र हुने र त्यसले आसपासको भूभागलाई बगाएर लाने र त्यसक्रममा बाढीको रूप लिने गरेको बताए । बज्राचार्यका अनुसार हिमताल फुटेर बनेको बाढीको असर समथर भूभागमा पुगेपछि कम हुँदै जान्छ ।

'हिमताल फुट्दा खासै असर समथर भूभागमा हुँदैन । हुने भनेकै पहाडमा हो । त्यसले गर्दा पहाडका नागरिकहरू जोगिनुपर्छ । सतर्क रहनुपर्छ किनभने हिमताल फुट्दा पर्ने असर पहाडमै हो,' उनले भने ।

चार वर्षअघि नै इसिमोडले नेपालका हिमनदी पग्लने क्रम बढिरहेको र नयाँ तालहरू बन्ने क्रम पनि बढिरहेकाले कयौं हिमताल फुट्ने जोखिम बढेको दाबी गरेको छ । त्यही भएर हिमतालहरूको निरन्तर सम्भावित जोखिमको अनुगमन गर्नुपर्ने र त्यसबारे नागरिकलाई सचेत पार्नुपर्ने इसिमोडको सुझाव छ । आवश्यक भएको स्थानमा पूर्वसूचना प्रणालीको विकास र जोखिम कम गर्ने उपायहरू अवलम्बन गर्नुपर्ने बज्राचार्यको भनाइ छ ।

## थामेभन्दा माथिका...

शुक्रबार दिउँसो सोलुखुम्बुको खुम्बु र दोलखाको रोल्वालिङ उपत्यका जोडिने टासी लाप्चा पासतर्फबाट अकस्मात् बाढी आएको थियो । बाढीले थामे गाउँ नै बगायो । यसरी माथिल्लो क्षेत्रमा हिमताल फुट्न थालेपछि दूधकोशी नदीको तल्लो तटीय क्षेत्रका विभिन्न जलविद्युत् आयोजना र मानवबस्ती जोखिममा परेका छन् । थामे खोलामा आएको बाढीले दूधकोशीमा पानीको सतह पनि बढाएको सोलुखुम्बुकी प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले बताइन् । उनले थामेभन्दा माथिका पाँचवटा हिमतालमध्ये दुईवटा फुटेको र थप दुईवटा फुट्ने जोखिममा रहेको बताइन् । त्यसको असर दूधकोशी नदीमा पर्ने भएकाले तटीय क्षेत्रका बासिन्दालाई सुरक्षित स्थानमा जान सूचित गरिएको उनले जानकारी दिइन् ।

शुक्रबारको बाढीले थामे बस्तीमा रहेका विद्यालय, होस्टेल, मेडिकल क्लिनिक, स्थानीयका घर तथा होटललगायतका भौतिक संरचना नष्ट भएका छन् । बाढीका कारण थामेका स्थानीय ५५ वर्षीय नुरुटुडु शेर्पा बेपत्ता छन् । नेपाली सेना र नेपाल प्रहरीले क्षतिग्रस्त स्थानमा जोखिममा परेका स्थानीयलाई उद्धार गरी सुरक्षित स्थानमा सारेको प्रजिअ खत्रीले बताइन् ।

वर्षौं पहिले हुँगामा बाढी आएको थियो । त्यसबेला पनि खुम्बु क्षेत्रको हिमताल र हिमपहिरोबाटै आएको अनुमान गरिएको थियो । तर, वैज्ञानिक अध्ययन नगरिएको प्रजिअ खत्रीले बताइन् । त्यो बाढीको ठीक १३ वर्षपछि २०५५ भदौ १८ मा दूधकोशीकै सहायक नदी इङखुको मुहान खुम्बु क्षेत्रबाटै हिमताल फुटेर बाढी आएको थियो । सोताङ र बुङतिरबाट उर्लिएर आएको इङखुले दूधकोशी नदी थुनेको थियो । २०५५ भदौको बाढी त्यसअघिको भन्दा विनासकारी रहेको र त्यसले सोलु, ओखलढुंगा र खोटाङका तटीय क्षेत्रमा हजारौं हेक्टरको खेतबारी, बस्ती र भौतिक संरचना सखाप पारेको थियो ।

अहिले पनि सोलुको खुम्बु क्षेत्रको इम्जा अति जोखिमपूर्ण हिमताल मानिन्छ । जुन इसिमोड र युएनडिपीले गरेको संयुक्त अध्ययन प्रतिवेदनले पनि औंल्याएको छ । त्यही क्षेत्रमा गोक्यो, दूधकुण्डलगायत दर्जनौं ठूला हिमताल छन् । ती हिमतालहरूलाई पनि जोखिमपूर्ण नै मान्ने गरिन्छ ।

## सरकारी जग्गा...

अदालतले साविक पोता १८३ नं श्री सिंहसार्थ बाहु गरुण भगवान् नाममा दर्ता भएको २६ रोपनी आठ आना जग्गा सो १८३ नम्बर पोता भिडाइ जग्गा दर्ता भएको छ छैन ? सोको तथ्यगत व्यहोरासहित सो पोता भिडाइ कुनै जग्गा दर्ता भएको भए के कुन कित्ता दर्ता हाल साविक भई कसको नाममा कायम रहेको छ ? सोको विवरण गुठी संस्थान कार्यालय वा मालपोत विभागबाट झिकाउन आदेश भएको थियो । सर्वोच्चले सोधेको उक्त प्रश्नको जवाफमा मालपोत कार्यालयले अभिलेखको ठमेल पोता नं १०६/९१ श्री गरुड भगवान्को हस्ते कुलबहादुर प्रधान थवहेल रहेको पोतामा कमलपोखरी २६ भएको देखिन्छ भनी जवाफ पठाएको देखिन्छ ।

पृथ्वीबहादुर पाण्डे अध्यक्ष रहेको छायादेवी कम्प्लेक्स प्रालिको सञ्चालकमा सुहृदराज घिमिरे, दिपकमान शेरचन, सुमनविक्रम पाण्डे, महेश्वर प्रकाश श्रेष्ठलगायत छन् । व्यवसाय गर्ने नाममा सरकारी जग्गामा रहेको ऐतिहासिक सम्पदा मासेर भवन ठडयाउने यी सञ्चालकहरूले राजनीतिक संरक्षणबाट लाभ लिइरहेको स्थानीयको भनाइ छ ।

## खारेज हुनबाट ...

'वैदेशिक रोजगारमा १०० जना कामदार पठाउनैपर्ने दबाबका कारण व्यवसायीले जस्तो काममा पनि पठाइदिने खतरा बढाएको छ,' उनले भने, 'एकातिर वैदेशिक रोजगरलाई बाध्यकारी नबनाउने सरकारी नीति छ, अर्कोतर्फ म्यानपावर कम्पनीलाई तोकिएको संख्यामा कामदार पठाउनैपर्छ भन्नु सान्दर्भिक हुँदैन, तसर्थ कानुन संशोधनमा ढिलाइ गर्नुहुन्न ।'

सरकारले संसद्मा लगेको केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक, २०८० मार्फत वैदेशिक रोजगार ऐनमा निरन्तर दुई वर्षसम्म न्यूनतम १०० जना कामदार विदेश पठाउन नसक्ने म्यानपावरको इजाजतपत्र खारेज हुने व्यवस्था हटाउने प्रस्ताव गरेको छ । यद्यपि, सो विधेयक संसद्बाट पारित हुन सकेको छैन । २०७५ सालमा तत्कालिन श्रममन्त्री गोकर्ण बिष्टको पालामा साना म्यानपावर कम्पनीले सञ्चालन खर्चसमेत धान्न नसक्ने अवस्था रहेकाले ठगी बढेको निष्कर्षसहित ऐन संशोधन गरेर लगातार दुई वर्षसम्म न्यूनतम १०० जना पनि कामदार पठाउन नसक्ने म्यानपावरको इजाजतपत्र खारेज हुने व्यवस्था गरिएको थियो ।

# बाढीपीडितलाई राहत सामग्री वितरण जारी

**काठमाडौं (प्रस)–** सरकारले मनसुनका अवधिमा देशका विभिन्न स्थानमा आएको बाढीपहिरोपीडितलाई आवश्यकताका आधारमा राहत सामग्री वितरण गरेको जनाएको छ ।

रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी) को आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीमार्फत तारपोलिन, ब्ल्यांकेट, म्याट्रेस, त्रिपाल, सरसफाइ किट, कपडा, स्लिपिङ ब्यागजस्ता गैरखाद्यन्न सामग्री वितरण गरिएको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले मनसुनको दुई महिनामा अहिलेसम्म रेडक्रसमार्फत तारपोलिन दुई हजार ५० थान, ब्ल्यांकेट एक हजार ३० थान, म्याट्रेस ६१० थान, भाँडाकुँडा ५५५ थान, झुल १५० थान, सरसफाइ किट २२५ थान, कपडा तीन हजार २४५ मिटर, ब्याग ५० थान वितरण भएको जानकारी दिए ।

यस्तै गृह मन्त्रालयबाट त्रिपाल एक हजार २० थान, टेन्ट १२० थान, ब्ल्यांकेट ३०० थान, म्याट्रेस १०० थान र स्लिपिङ ब्याग ५० र झुल २०० थान वितरण भएको उनले बताए । उनका अनुसार मागअनुसार राहत सामग्री वितरणको काम जारी छ ।

प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलका अनुसार मनसुनपछिको अहिलेसम्म १३ जिल्लाका विपद व्यवस्थापन कोषमा एक करोड ७६ लाख पठाइसकिएको छ । मनसुन प्रभावित परिवारका लागि तत्काल राहतस्वरूप १५ देखि २० हजार रूपैयाँ पनि सहयोग गरिएको प्राधिकरणले जानकारी दिएको छ । संकटासन्न परिवारलाई मानवीय सहयोग जारी रहेको आइएफआरसीले जनाएको छ ।

प्रभावितहरूलाई स्थानीय तहलगायत संघ संस्थाको पहलमा अस्थायी आश्रयस्थलमा राखी खाद्यान्न व्यवस्थापन गरिएको छ । अहिलेसम्म यो दुई महिनामा सबै प्रकृतिका विपद्मा परेर २११ जनाको मृत्यु भएको प्राधिकरणले जनाएको छ । मनसुनी विपद्मामात्रै परेर १७६ जनाको मृत्यु भइसकेको छ । तीन हजारभन्दा बढी परिवार प्रभावित भएका छन् ।

## Laljhadi Rural Municipality
### Office Of The Rural Municipal Executive
**Shankharpur, Kanchanpur, Sudurpaschim Province, Nepal**

**INVITATION FOR ELECTRONIC BID**

**Date of First Publication: 2081/04/31**

1. Laljhadi Rural Municipality, Office of Rural Municipal Executive, Shankharpur, Kanchanpur **[LRM]** invites electronic bids from Nepalese eligible bidders for the following work/supply under National Competitive Bidding procedures.

| IFB No. | Name of Project | Bid Security Amount (NRs.) | Estimated Amount (NRs., Exclusive of VAT, and Contingencies) | Cost of Bidding Document (NRs.) | Bid Validity (Days) |
|---|---|---|---|---|---|
| LAL/G/NCB/081/082-01 | Supply and delivery of wire mesh fence and necessary accessories | 1,20,000.00 | - | 3000 | 90 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Rural Municipal Executive, Shankharpur, Kanchanpur or may visit www.laljhadirmnc.gov.np & PPMO's website www.bolpatra.gov.np.

**Chief Administrative Officer**

## Kakani Rural Municipality
### Office of the Rural Executive
**Ranipauwa, Nuwakot**

**Notice No 02/Medicine/Kakani/081-82**


**Date of Publication: 2024/08/18 (E-Bid only)**

1. Kakani Rural Municipality, Office of Rural Municipal Executive Ranipauwa, Nuwakot invites a competitive Bidding from Eligible Bidders for the following works

| Contract No | Description | Estimate amount excluding VAT | Bid Security Amount | Bid security Validity period | Price of Bid Document | Last Date of Submission | Bid opening Date and Address |
|---|---|---|---|---|---|---|---|
| 02/Medicine/Kakani/081-82 | Purchase of Medicines | 2713377 | 70000 | 60 Days | 3000 | 2024/09/02 12:00 Hrs | 2024/09/02, 14:00 Hrs at office of municipal executive, Kakani, Ranipauwa |

2. Details of Bank for Cost Bid Document Agricultural Development Bank, Ranipauwa Branch Office Account no: 0213401251034093 (Kakani Rural Municipality Rajaswo Khata) and cash Deposit for Bid Security Agricultural Development Bank, Ranipauwa Branch, Deposit Account no 0213401251034042, Name of the Office: Kakani Rural Municipality, office of the Municipal Executive, Ranipauwa, Nuwakot
3. Eligible Bidders are advised to visit e-gp portal of PPMO's Website for further details or may contact Kakani Rural Municipality, Office of Municipal Executive Ranipauwa, Nuwakot , Telephone: 9851241660 and mailing address: ito.kakanimun@gmail.com
4. Matters not covered by this notice shall be in accordance with public procurement Act-2063 and public procurement regulation 2064 and prevailing regulations and latest amendment.

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

**आइतबार, ०२ भदौ, २०८१**

| | |
|---|---|
| **मेष** | प्रियजनसँगको भेटघाटले दिन रमाइलो रहनेछ । |
| **वृष** | अवसर भए पनि अध्ययनमा धेरै समय दिन नसकिएलो । |
| **मिथुन** | अवसरका साथ चुनौती पनि देखा पर्नेछन् । |
| **कर्कट** | मिहिनेतको प्रतिफल अरूले हत्याउने चेष्टा गर्नेछन् । |
| **सिंह** | पहिलेको आम्दानी प्राप्त हुनाले उत्साह जाग्नेछ । |
| **कन्या** | मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।रोकिएका |
| **तुला** | काम बन्नाले उत्साह जाग्नेछ । |
| **वृश्चिक** | मिहिनेत गर्दा विशेष अवसर प्राप्त हुनेछ । |
| **धनु** | फाइदा हेर्दा नाम बिग्रन सक्छ । |
| **मकर** | विभिन्न उपहार प्राप्त हुने समय छ । |
| **कुम्भ** | भविष्यका लागि सम्भावना खोजी गर्ने समय छ । |
| **मीन** | स्वास्थ्यका लागि आहार-विहारमा अलि सजग रहनुपर्नेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ४२५५५४०/४२५५५४१ |
| | ६६१२२६६ |
| एम्बुलेन्स/रक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०२ भदौ, २०८१ (१८ अगस्ट, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०४ | १३४.६४ |
| युरो | १ को | १४६.३४ | १४६.९९ |
| पाउन्ड स्टिर्लङ | १ को | १७०.८४ | १७१.६१ |
| स्विस फ्रैन्क | १ को | १५५.०२ | १५५.७२ |
| अस्ट्रेलियन डलर | १ को | ८८.११ | ८८.५१ |
| क्यानाडियन डलर | १ को | ९७.५४ | ९७.९७ |
| सिँगापुर डलर | १ को | १०१.२३ | १०१.६८ |
| जापानी येन | १० को | ९.१२ | ९.१६ |
| चिनियाँ युआन | १ को | १८.६९ | १८.७८ |
| साउदी अरब रियाल | १ को | ३५.७१ | ३५.८७ |
| कतारी रियाल | १ को | ३६.७६ | ३६.९३ |
| थाई भाट | १ को | ३.८१ | ३.८२ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.४९ | ३६.६६ |
| मलेसियन रिङेट | १ को | ३०.३१ | ३०.४४ |
| दक्षिण कोरियन वन | १०० को | ९.८१ | ९.८५ |
| स्विडिस क्रोनर | १ को | १२.७२ | १२.७८ |
| डेनिस क्रोनर | १ को | १९.६१ | १९.७० |
| हङकङ डलर | १ को | १७.१९ | १७.२७ |
| कुवेती दिनार | १ को | ४३७.८० | ४३९.७६ |
| बहराइन दिनार | १ को | ३५५.६१ | ३५७.२० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# शान्ति र राजुलाई तामाङ मिडिया अवार्ड

**काठमाडौं (प्रस)**– यस वर्षको तामाङ मिडिया अवार्ड पत्रकारद्वय शान्ति लामा वाइबा र राजु स्याङ्तानलाई प्रदान गरिएको छ । तामाङ पत्रकार संघले ३० औं तामाङ प्रसारण दिवसको अवसरमा शनिबार विशेष समारोबीच अवार्ड वितरण गरेको हो ।

समारोहमा बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले पत्रकारद्वयलाई अवार्ड वितरण गरे । अवार्डसँगै जनही पाँच हजार रूपैयाँसमेत प्रदान गरिएको थियो ।

अवार्ड प्राप्त गरेकी वाइबा नेपाल टेलिभिजनबाट प्रसारण हुने तामाङ भाषाको समाचार सम्पादक/वाचक हुन् । मण्डनदेउपुर-१, काभ्रेपलाञ्चोककी वाइबाले यसअघि रेडियो नमोबुद्ध काभ्रेमा तामाङ भाषाको कार्यक्रम प्रस्तोताको रूपमा पत्रकारिता सुरु गरेकी थिइन् । तामाङ भाषा, संस्कार, संस्कृतिलगायतको प्रचारप्रसारमा पत्रकारितामार्फत योगदान पुऱ्याएकोमा उक्त अवार्ड प्रदान गरिएको अवार्ड छनोट समितिकी सदस्य लक्ष्मी रुम्बाले बताइन् ।







यसैगरी अर्का अवार्ड प्राप्त स्याङ्तान नयाँ पत्रिका दैनिकको शनिबारीय परिशिष्टांक 'फन् नयाँ'का सम्पादक हुन् । उनले यसअघि विभिन्न पत्रिका, अनलाइन रेडियोमा काम गरेका थिए । तामाङलगायत सीमान्तकृत समुदायको मुद्दा उजागर गर्न योगदान पुऱ्याएकोले उनलाई अवार्ड प्रदान गरिएको सदस्य रुम्बाले जानकारी दिइन् ।

समारोहलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले बागमती प्रदेशमा तामाङ र नेवार भाषा कामकाजको भाषाको रूपमा प्रयोगमा आउनु उपलब्धिमूलक भएको बताए । उनले भाषा ऐनलाई कार्यान्वयनमा ल्याउने कार्य आफ्नो प्राथमिकतामा रहेको बताए । 'प्राप्त उपलब्धिहरूलाई संस्थागत गर्दै जानु अहिलेको प्रमुख आवश्यकता हो । म आफ्नो कार्यकालभरि त्यसमा प्रयत्नशील रहने प्रतिबद्धता जनाउँछु,' उनले भने ।

भाषाविद् अमृत योञ्जनले बागमतीमा तामाङ र नेवार भाषा कामकाजी भाषाको रूपमा लागू गरिए पनि भाषा ऐन कार्यान्वयनमा आउन नसकेकोबारे मुख्यमन्त्री लामाको ध्यानाकर्षण गराएका थिए । उनले प्रदेशसभामा सांसदहरूले आफ्नै भाषामा बोल्न पाउने र उनीहरूको भनाइ नेपालीमा रूपान्तरण गर्न दोभाषेको व्यवस्था गर्नुपर्नेमा जोड दिए । प्रदेशको भाषा ऐन कार्यान्वयनमा समुदायको तर्फबाट पनि सक्रिय सहभागिता आवश्यक रहेको उनले बताए ।

वि.सं. २०५१ भदौ १ गते रेडियो नेपालबाट पहिलोपटक तामाङ भाषाको समाचार प्रसारण भएको अवसरलाई तामाङ समुदायले तामाङ प्रसारण दिवसको रूपमा मनाउँदै आएको छ । सोही अवसरमा प्रत्येक वर्ष दुई जना तामाङ पत्रकारलाई मिडिया अवार्ड प्रदान गर्दै आएको संघका अध्यक्ष सुवास योञ्जनले बताए ।

## गाईजात्रा मार्गको सफाइ अभियान सुरु

**भक्तपुर (प्रस)**– भक्तपुर नगरपालिकाले गुन्हीपुन्ही अर्थात् गाईजात्रा (सापारु) पर्वलाई शान्तिपूर्णरूपमा मनाउन शनिबार सापारु प्रदक्षिणा मार्गको सफाइ अभियान सुरू गरेको छ ।

नगरप्रमुख सुनिल प्रजापति र उपप्रमुख रजनी जोशीको नेतृत्वमा भक्तपुरको खौमाबाट सुरू भएको सफाइ ऱ्याली दत्तात्रयमा पुगेर सभामा परिणत भएको थियो । त्यस अवसरमा नगरप्रमुख प्रजापतिले गाईजात्रा पर्व भव्यरूपमा मनाउन आग्रह गरे । उनले इन्टरनेट तथा केबुल नेटवर्क एवं सेवा प्रदायकहरूलाई लत्रिएका तार व्यवस्थित गर्न आग्रह गरे ।

गाईजात्रा पर्वमा यहाँ विभिन्न नाच प्रदर्शन गर्ने गरिन्छन् । नगरपालिकाले परम्परागत तथा आधुनिक विधाका रूपमा ती नाचको मूल्यांकन गरी पुरस्कार दिँदै आएको छ । यसैगरी नगरले यहाँका मूर्त एवं अमूर्त सम्पदा संरक्षण गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्दै आएको छ ।

नगर उपप्रमुख जोशीले भूकम्पले क्षति भएका अधिकांश सम्पदा पुनर्निर्माण भइसकेका र केही योजना चालु अवस्थामा रहेको बताइन् । विभिन्न विद्यालयका विद्यार्थीसमेतको सहभागिता रहेको सरसफाइ कार्यक्रमामा सन्देशमूलक नारा लेखिएका प्लेकार्डसहित नगर परिक्रमा गरिएको थियो ।

# उज्यालो पर्खिरहेको निसेलढोर



**ढोरपाटन (बागलुङ)**– पूर्वी रुकुमको सिमानासँग जोडिएको निसेलढोरमा अहिलेसम्म विद्युत्को पहुँच छैन । बागलुङको निसीखोला गाउँपालिका-५ निसेलढोरमा विद्युत् नपुग्दा स्थानीय अन्धकारमा बस्न बाध्य छन् ।

विद्युत्को सुविधा नहुँदा स्थानीयले दियालो र टुकी बालेर रात बिताउन बाध्य छन् । एक दशक अगाडिसम्म निसेलढोरमा निसीवासी बर्खाको समयमा पशुचौपाया पाल्ने, आलु र स्याउ फलाउने गर्थे । बर्खाको चार महिनामात्र निसेलढोर बस्ने स्थानीय हिउँदको समयमा निसी गाउँमा बस्ने गर्थे । निसेलढोर लेक क्षेत्र पर्छ भने निसी गाउँ औल (बेंसी) क्षेत्र हो ।

पछिल्लो समय करिब ७० परिवार बाह्रै महिना स्थायीरूपमा निसेलढोरमा बस्ने गर्छन् । बर्खाको समयमा यहाँ २०० भन्दा बढी परिवार बस्छन् । असारदेखि असोजसम्म निसेलढोरमा बस्ने निसीवासी कात्तिकदेखि निसी गाउँमा झर्ने गर्छन् । पछिल्लो समय स्थायीरूपमै निसेलढोरमै बस्नेको संख्या बढ्दै गएको हो । उनीहरूले उज्यालो खोजिरहेका छन् । ढोरपाटन उपत्यकादेखि करिब डेढ घण्टाको यात्रामा पुग्न सकिने निसेलढोर पर्यटकीय हिसाबले आकर्षक भए पनि विद्युत्लगायतका सुविधा नपुग्दा ओझेलमा छ ।

पहिले हिउँदमा हिमपात हुने र बढी चिसोका कारण यहाँ कमैमात्रै स्थानीय बस्ने गरे पनि पछिल्लो समय सडकले जोडिएपछि स्थायीरूपमा बस्नेको संख्या बढ्न थालेको निसीखोला गाउँपालिका-५ निसेलढोरकी सम्झना विकले बताइन् । अन्धकारमै रात बिताउँदै आएको भन्दै आधुनिक प्रविधिको विकास हुँदासमेत आफूहरू सूचना सञ्चारबाट टाढा रहनुपरेको सुनाइन् । यो ठाउँ कृषि र पशुपालनका लागि उपयुक्त ठाउँ भएको तर बिजुलीको उज्यालोभन्दा टाढा रहनु परेको उनको भनाइ छ ।

विकले भनिन्, 'बिजुली छैन, टेलिभिजन हेर्न र रेडियो सुन्न पाइँदैन, साथमा मोबाइल भएर के गर्ने ? चार्ज गर्न पाइँदैन, मोबाइल चार्ज गर्न, दुई/तीन घण्टा हिँडेर ढोरपाटन पुग्नुपर्ने अवस्था छ, बिजुली हुन्थ्यो भने साँझमा केटाकेटीले अबेरसम्म पढ्न पाउँथे, देश विदेशका खबर सुन्न पाइन्थ्यो ।' स्थानीय बलबहादुर घर्तीले दियालो र दाउरा काट्न ढोरपाटन सिकार आरक्षले अवरोध गर्ने हुँदा खाना पकाउन र साँझमा उज्यालो बाल्न अप्ठ्यारो भएको बताए । बजारमा मट्टीतेल पाइन छोडेको उनको भनाइ छ ।

'घाँस दाउरा ल्याउन सिकार आरक्षले दिँदैन,' घर्तीले भने, 'जसोतसो बसिरहेका छौं ।' निसीखोला-५ का वडाध्यक्ष हर्कमान घर्तीमगरले निसेलढोरमा विद्युत् पुऱ्याउनका लागि अघिल्लो वर्षदेखि काम सुरु गरेको बताए । ढोरपाटन-९ भुजीस्थित भुजी लघु जलविद्युत् आयोजनाबाट निसेलढोरलाई जोड्न लागेको उनले बताए । गत वर्ष विद्युत् केही स्थानमा खम्बा गाड्ने र निसेलढोरवासीको ९० प्रतिशत घरमा आइरिङको काम सकिएको अध्यक्ष घर्तीमगर बताउँछन् । *रासस*

## बाढीपीडितलाई राहत

**काठमाडौं (प्रस)**– सोलुखुम्बुबो खुम्बु पासाङल्हामु गाउँपालिका-३ थामेका बाढीपीडितलाई संघ र स्थानीय सरकारले नगदसहित राहत प्रदान गरेका छन् । शनिबार बाढी प्रभावित क्षेत्रमा नेपाली सेनाको हेलिकप्टरमार्फत पुगेका रक्षामन्त्री मानवीर राई नेतृत्वको टोलीले राहत प्रदान गरेको प्रमुख जिल्ला अधिकारी देवी पाण्डे (खत्री)ले जानकारी दिइन् ।

प्रमुख जिल्ला अधिकारीमार्फत जिल्ला दैविक प्रकोप उद्धार कोषबाट १३ घर परिवारलाई प्रतिपरिवार १५ हजार रूपैयाँ र तीन-तीन थान त्रिपाल वितरण गरिएको हो । स्थानीय सरकारका तर्फबाट १५ परिवारलाई ५० हजार रूपैयाँका दरले वितरण गरिएको छ । पूर्ण क्षतिग्रस्त २० घरपरिवारमध्ये सबै घरका बासिन्दा त्यहाँ नरहेको बताइएको छ । प्रजिअ पाण्डेले लत्ताकपडाका लागि प्रदेश सरकार र खाद्यान्नका लागि खाद्य व्यवस्था विभागलाई पत्राचार गरिएको बताइन् ।

नेपाली सेना सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयका अनुसार नेपाली सेनाले अन्य सुरक्षा निकाय र स्थानीयको सहयोगमा शनिबार प्रभावित स्थानबाट सातजनाको सकुशल उद्धार गरेको जनाएको छ । प्रभावित इलाकामा अस्थायी पुल निर्माण गरी उनीहरूलाई सुरक्षित ठाउँमा स्थानान्तरण गरिएको जनाइएको छ । बाढीका कारण अवरुद्ध खुम्बु बिजुली कम्पनीको पावरहाउस, खानेपानी लाइन, बाटो, विद्यालय मर्मत तथा घरमा भएका सामग्री सुरक्षित स्थानमा स्थानान्तरण जारी रहेको सेनाले जनाएको छ ।

बाढीका कारण पुलमा क्षति हुँदा तल्लो सोलु र खुम्बुको सिधा सडक सञ्जाल टुटेको छ । साथै बाढी भोटेकोशी हुँदै दूधकोशीमा मिसिँदा खुम्बु पासाङल्हामु गाउँपालिका र माप्यदूधकोशी गाउँपालिकाको सिमानामा पर्ने मितेरी पुलमा पनि क्षति पुगेको जनाइएको छ ।

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१।०४।२१ गते काठमाडौं जिल्ला, टोखा-१०, गोंगबुचोक लाहुरे दोहोरीमा कालो, रातो रङ्को 200 CC NS पल्सर मोटरसाइकल पार्किङ गरिराखेको अवस्थामा हराएको हुँदा पाउनु हुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरीदीनु हुन बिनम्र अनुरोध गर्दछु ।

धनीको नाम : सुवास राई
बाइक नं.: बा.प्र. ०२-०४६ प २३८५
च्यासिस नं.: MD2A36FX5MCH98130
इन्जिन नं. : JLXCMH 93405
ठेगाना: तार्केश्वर, पदमशाल काठमाडौं
सम्पर्क: ९७४५६६३७६३

**माइग्रेसन हरायो**

मिति २०८०।०२।१७ गते मेरो निम्न विवरणको माइग्रेसन सर्टिफिकेट भक्तपुर गठ्ठाघर देखि सानोठिमीसम्म जाँदा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न लिखित फोनमा सम्पर्क गरी बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : निशान्त चौधरी
स्थाई ठेगाना: जि.सप्तरी, अग्नीसाईर, कृष्णासवरन गा.पा. वडा नं. २
रजिष्ट्रेशन नं.: ७६७७६५४१६
सिम्बोल नं. : २७७०७४७८
सम्पर्क नं. : ९८०८५०११६८

**लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/५/२

यस सा.व.उ.स. बाट संकलित गोलिया काठ ७७४.०५ क्युफिट र साल दाउरा २.५० चट्टा लिलाम बिक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

झाक्रीथुम्का सा.वन उपभोक्ता समूह, भानु ६, तनहुँ

**लिलाम बिक्रीको सूचना**

प्रथम पटक प्रकाशित मिति २०८१/५/२

यस सा.व.उ.स. बाट संकलित गोलिया काठ ३७२.७८ क्युफिट, खयर काठ २४६.२६ क्युफिट (हर्ट उड) साल दाउरा २ चट्टा र जिल्ला वन पैदावर आपूर्ति समिति तनहुँबाट समूहमा फिर्ता भएको साल गोलिया काठ १९१.३२ क्युफिट लिलाम बिक्री गर्नुपरेकाले सूचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

मान्द्रेढुंगा सा.वन उपभोक्ता समूह, म्याग्दे ६, तनहुँ

**मोटरसाइकल हराएको सूचना**

मिति २०८१/०४/३१ गते ललितपुर जिल्ला, महालक्ष्मी न. पा. वडा नं. १ इमाडोल सम्झना टोलबाट आफ्नै कारखाना अगाडि पार्किङमा राखेको स्थानबाट Net Black Blue Color को 220CCF पल्सर मोटरसाइकल हराएको हुँदा पाउनुहुने वा देख्नुहुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरी दिनु हुन विनम्र अनुरोध गर्दछु ।

धनीको नाम : कुमार विश्वकर्मा
बाइक नं.: बा.प्र. ०२-०४३ प ६२१७
च्यासिस नं.: MDZABEXUNCH96309
इन्जिन नं. : DKXCNH 30551
ठेगाना: जिल्ला मकवानपुर, हेटौडा उ.म.न.पा.११
सम्पर्क: ९८५११६२७२०/९८४९५५१७२८

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

तेस्रोटक प्रकाशित मिति: २०८१/०५/०२

यस कम्पनीको मिति २०८१/०४/१३ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **न्यु पाथिभरा ताजाखबर मिडिया प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **प्रेस पास मिडिया प्रा.लि.** (परिवर्तित नाम) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८१/०४/२१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **प्रेस पास मिडिया प्रा.लि.** (प्रा.लि.नं.१८४४६०) कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको**
**बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरू लिलाम बिक्री गर्ने सम्बन्धी ०७ दिने अत्यन्त जरूरी सूचना**

प्रकाशित मिति २०८१/०५/०२

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

यस बैंक(साबिक नेपाल इन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)को तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिनु बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ । **अत : यो सूचना प्रकाशित भएको मितिले ०७ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ । उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराईने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरिलिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति**
२०८१/०५/०९

**बोलपत्र खोलिने मिति**
२०८१/०५/११ दिउँसो ३ बजे

**तपसिल**

| क्र. सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरूको विवरण |
|---|---|---|
| १. | **ऋणी : सरोज गल्ला भण्डार (विविध कर्जा)**<br>प्रा.फ.र.नं. : २३३७५/०६२/६३, ठेगाना : जेठहरिया ०६, रौतहट<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **रुपिया देवी** (ना.प्र.नं. १७६८, मिति २०४६/०२/२८ मा जि.प्र.का. रौतहटबाट जारी भएको), पति : अन्होती लाल साह कलवार, ससुरा : राम औतार साह कलवार<br>२. **राजेश कुमार जयसवाल** (ना.प्र.नं. ३२-०१-६९-०८४७४, मिति २०६९/१२/०७ मा जि.प्र.का. रौतहटबाट जारी भएको), बाबु : अन्होती लाल साह कलवार, बाजे : राम औतार साह कलवार<br>३. **अन्होती लाल साह कलवार** (ना.प्र.नं. ३२/१७५५, मिति २०४६/०२/२८ मा जि.प्र.का. रौतहटबाट जारी भएको), बाबु : राम औतार साह कलवार, बाजे : महाविर साह कलवार<br>४. **कमलेश कुमार जयसवाल** (ना.प्र.नं. ३२-०१-७७-००९१८, मिति २०७७/०६/१२ मा जि.प्र.का. रौतहटबाट जारी भएको), बाबु : अन्होती लाल साह कलवार, बाजे : राम औतार साह कलवार | अन्होती लाल साह कलवारको नाममा रौतहट जिल्ला मालपोत कार्यालय गरुडा, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, महम्मदपुर गा.वि.स./न.पा. वडा नं. ६ स्थित कि.नं. १६८८ (०-३-०-६ बिगाहा) क्षेत्रफल भएको जग्गा तथा उक्त जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय चन्दपुर, रौतहट |
| २. | **ऋणी : यूराज इलेक्ट्रीकल्स (अधिविकर्ष कर्जा)**<br>प्रा.फ.र.नं. : १२७६८/०६४/६५, ठेगाना : पहलमानपुर गा.वि.स. ०१, कैलाली<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **डम्मर बहादुर सिंह** (ना.प्र.नं. १३४८०, मिति २०६२/११/०८ मा जि.प्र.का. बाजुराबाट जारी भएको), बाबु : हरि बहादुर सिंह, बाजे : अम्मर बहादुर सिंह<br>२. **शान्ति देवी सिंह** (ना.प्र.नं. ७०३०२१/११४६, मिति २०६३/११/११ मा जि.प्र.का. बाजुराबाट जारी भएको), पति : डम्मर बहादुर सिंह, ससुरा : हरि बहादुर सिंह | डम्मर बहादुर सिंहको नाममा कैलाली जिल्ला मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको कैलाली जिल्ला, पहलमानपुर गा.वि.स./न.पा. वडा नं. १ स्थित कि.नं. ३४३ (३३८.६६ व.मी.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय अत्तरीया, कैलाली |
| ३. | **ऋणी : साइनिङ स्टार इन्टरप्राइजेज (विविध कर्जा)**<br>प्रा.फ.र.नं. : १३१६७२/०७३/७४, ठेगाना : बुढानिलकण्ठ न.पा.०९, काठमाडौं<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **बद्रि बोहरा** (ना.प्र.नं. ८४४४७, मिति २०५४/०२/२७ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको), बाबु : गंगा बहादुर बोहरा, बाजे : गणेश बहादुर बोहरा<br>२. **शशि पण्डित** (ना.प्र.नं. २७८५, मिति २०६०/०५/१९ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), बाबु : कुमार जङ्ग पण्डित क्षेत्री, बाजे : तिलक जङ्ग पण्डित | बद्रि बोहराको नाममा रौतहट जिल्ला मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहटमा दर्ता कायम रहेको रौतहट जिल्ला, सन्तपुर(म) गा.वि.स./न.पा. वडा नं. ८ स्थित कि.नं. १०८(०-३-०-० विगाहा) र कि.नं. ११० (०-३-०-० विगाहा) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय चन्द्रपुर, रौतहट |
| ४. | **ऋणी : एस.एम.एस.सप्लायर्स (विविध कर्जा)**<br>प्रा.फ.र.नं. : २४६३/०७३/०७४, ठेगाना : वालिङ्ग न.पा. ०३, स्याङ्जा<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **उमा देवी तिवारी** (ना.प्र.नं. १६१५, मिति २०५७/१२/०४ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : गोविन्द तिवारी, बाजे : भविश्वर तिवारी<br>२. **गोविन्द तिवारी** (ना.प्र.नं. ५२४४४, मिति २०५६/०४/१७ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : भविश्वर तिवारी, बाजे : चण्डी प्रसाद तिवारी<br>३. **रमेश तिवारी** (ना.प्र.नं. १६०२९, मिति २०६१/०३/२५ मा जि.प्र.का. स्याङ्जाबाट जारी भएको), बाबु : भविश्वर तिवारी, बाजे : चण्डी प्रसाद तिवारी<br>४. **हेमलता बन्जाडे** (ना.प्र.नं. ४१११६, मिति २०६३/१०/२१ म जि.प्र.का. रुपन्देहीबाट जारी भएको), पति : रमेश तिवारी, ससुरा : भविश्वर तिवारी | गोविन्द तिवारीको नाममा स्याङ्जा जिल्ला मालपोत कार्यालय वालिङ्ग, स्याङ्जामा दर्ता कायम रहेको स्याङ्जा जिल्ला, वालिङ्ग गा.वि.स./न.पा. वडा नं. ३ स्थित कि.नं. ३४२५(०-१०-०-१ रोपनी) र कि.नं. ४११२(२-२-०-० रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय वालिङ्ग, स्याङ्जा |
| ५. | **ऋणी : भैरबी आलु प्याज सप्लायर्स (डिमाण्ड कर्जा)**<br>प्रा.फ.र.नं. : ४८७२/०६८/६९, ठेगाना : पोखरा ०९, कास्की<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>१. **नानीराम कोइराला** (ना.प्र.नं. ३६७५५, मिति २०५७/०१/२२ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको), बाबु : केशरी प्रसाद कोइराला, बाजे : देवी प्रसाद कोइराला<br>२. **सिता ढकाल (कोइराला)** (ना.प्र.नं. २६१/४४३१९, मिति २०६८/०१/१३ मा जि.प्र.का. धादिङ्गबाट जारी भएको), पति : नानीराम कोइराला, ससुरा : केशरी प्रसाद कोइराला | नानीराम कोइरालाको नाममा धादिङ्ग जिल्ला मालपोत कार्यालय धादिङ्गमा दर्ता कायम रहेको धादिङ्ग जिल्ला, सुनौला बजार गा.वि.स./न.पा. वडा नं. ७(घ) स्थित कि.नं. २१२ (१-१-१-० रोपनी), कि.नं. २१३(३-१२-२-३ रोपनी), कि.नं. १७८ (०-१३-३-१ रोपनी) र कि.नं. ६९० (४-१-२-२ रोपनी) क्षेत्रफल भएका जग्गाहरु तथा उक्त जग्गाहरुले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>**नोट :**<br>बोलपत्र खोलिने स्थान : शाखा कार्यालय, धादिङ्ग |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरि/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ । तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुनेभएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन । साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन् ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# विपद्बाट नागरिक बचाऊ

हिमाली जिल्ला सोलुखुम्बुको थामेबासी यतिबेला दुःखमा छन् । थातथलोलाई दुईवटा हिमताल फुटेपछि आएको बाढीले पुरिएर बस्नै नसक्ने बनाएपछि थामेबासीको बास अन्यन्त्र भएको छ। यसअघि गोरखाको वीरेन्द्र हिमतालले पनि क्षति पुऱ्याएको थियो। हिमताल फुटेका र क्षति पुऱ्याएका यी घटनामात्रै होइनन् । २०५५ भदौ १८ मा दूधकोशीकै सहायक नदी इङखुको मुहान खुम्बु क्षेत्रबाटै हिमताल फुटेर बाढी आएको थियो। सोताङ र बुङतिरबाट उर्लिएर आएको इङखुले दूधकोशी नदी थुनेको थियो। त्यसबेला हिमताल फुट्दा आएको भीषण बाढीलाई स्थानीयहरू बिर्सिंदैनन्। अझै सोलुकै इम्जा हिमताल अति जोखिमपूर्ण छ । त्यही क्षेत्रको गोक्यो, दूधकुण्डलगायत दर्जनौं ठूला हिमताल पनि जोखिमपूर्ण नै रहेको चार वर्षअघि नै इसिमोड र युएनडिपीको संयुक्त अनुसन्धानले प्रतिवेदन सार्वजनिक गरेका थिए ।

तर, सरकारको सम्भावित जोखिम टार्नेगरी तयारी गर्न सकेन । तयारी अझै गरेको छैन । गत २४ जेठमा भने सरकारले यस वर्षको मनसुनका बेला हुनसक्ने विपद्जन्य घटना र त्यसबाट प्रभावितहरूको अनुमानित संख्या सार्वजनिक गरेको थियो । त्यसदिन मनसुनजन्य विपद्बाट यस वर्ष देशभर १८ लाख एक हजार जनसंख्या र चार लाख १२ हजार घरधुरी प्रभावित हुनसक्ने आकलन गरिएको थियो । आकलन गर्ने तर विपद् पूर्वतयारी नगर्ने र प्रतिकार्यमा चुक्ने पुरानै रोगले सोलुखुम्बुको थामेमा क्षति भएको हो । जहाँ एक जना अझै बेपत्ता छन्। घरसहित दर्जनभन्दा बढी भवन पूर्णरूपमा बाढीले बगाएका छन्। त्यत्तिकै संख्यामा आंशिक क्षति भए। अन्य संरचनाहरूमा पनि क्षति भए । यदि, सरकारले माहतका निकायलाई थामेभन्दा माथि रहेका जोखिमपूर्ण हिमतालहरूको अनुगमन नियमित गराएर परिस्थितिको आकलनमार्फत सोहीअनुसार प्रतिकार्य थालेको भए यस्तो क्षति हुने थिएन। तर, ...सक्यो, दैलो देख्यो शैलीमा सरकारको कामकारबाही अघि बढ्ने गरेको छ ।

विपद् प्रतिकार्यका लागि तालिमप्राप्त सुरक्षाकर्मीहरू पनि नभएका होइनन्। तर, उनीहरूको आवश्यकताअनुसार परिचालन गर्न प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा रहेको सुरक्षा समिति बारम्बार चुक्दै आएको छ । जुन गलत हो। नागरिकको सुरक्षितरूपमा बाँच्न पाउने अधिकारको पूर्णतः सम्बोधन गर्न पनि सुरक्षाकर्मीहरू सम्भावित विपद्को आकलन गरी परिचालित हुनुपर्छ/गरिनुपर्छ ।

## मनन्योग्य

### चाणक्य नीति

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ । राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ। यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ। जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ। अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ।'
त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइर हेर्छन्। चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन्। सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए। चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे। धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ। छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ। अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे। महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे। त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किंदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ। राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ। यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ।' एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ। सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए ।

# रासस मिडिया संग्रहालयः इतिहासको अभिलेखीकरण



■ सिद्धराज राई

> अहिले राससको संग्रहालयमा ४६ प्रकारका सामग्री संकलन गरी राख्न सकिएको छ । निश्चय पनि यी सामग्रीले राससको इतिहास र विकासक्रमलाई बुझ्न सहज हुने छ । यो मिडिया संग्रहालय नेपालको मिडिया विकासक्रमको विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ । डिजिटल युगको पत्रकारिता गरिरहेको पुस्तामा पुराना पुस्ताले विगतमा निर्वाह गरेको भूमिका बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा थोरै भए पनि परिवर्तन आउन सकेको खण्डमा हाम्रो प्रयास सार्थक भएको हामी ठान्ने छौं ।

रासस स्थापना भएको ६३ वर्ष पुगेको छ । वि.सं. २०१८ मा काठमाडौंको नयाँसडकको एउटा कोठाबाट सुरुआत भएको रासस अहिले सुविधायुक्त भवनबाट सञ्चालन भइरहेको छ । राससले आफ्नो अतीत जगेर्ना गर्ने सन्दर्भमा कार्यालयको एउटा कोठामा ६३ वर्षको इतिहासलाई संग्रह गरी रासस मिडिया संग्रहालय सञ्चालनमा ल्याएको छ । संग्रहालय निर्माण र सञ्चालनको कार्य आफैंमा एक चुनौतीपूर्ण र जटिल रहेको हाम्रो अनुभव छ । गुगल र सामाजिक सञ्जालमा केन्द्रित भई सूचना खोजी रहेको नयाँ पुस्ताका लागि त यो संग्रहालय महत्त्वपूर्ण हुने नै छ पुराना पुस्ताले पनि मिडिया विकासको अध्ययनका सन्दर्भमा एकैछिन भए पनि राससको मिडिया संग्रहालयमा आउनुपर्ने अवस्थाको सिर्जना भएको छ भन्ने लागेको छ । सम्भवतः यस्तो किसिमको संग्रहालय नेपालमै पहिलो हो भन्न सकिन्छ ।

मैले सुनेको एउटा कथाअनुसार बाबुले छोरालाई एउटा पुरानो मोडलको खिया लागेको घडी दिएर भनेछ, छोरा यो घडीलाई बजारमा बेचेर आऊ । छोरा घडी लिएर बजार गयो । बजारमा घडीका सबै पसलमा गएर बुझ्यो । तर कसैले किन्न मानेन । निराश भएर घर फर्केको छोरालाई बुबाले सोध्यो, किन निराश ? छोराले भन्यो, घडी कसैले किनेनन्। अनि बुबाले फेरि छोरालाई भन्यो, एकपटक संग्रहालयमा देखाउन जाऊ । जब संग्रहालयमा गएर छोराले घडी देखायो। त्यहाँ उसले त्यो घडी ऐतिहासिक र संग्रहयोग्य रहेको जवाफ पायो। अनि संग्रहालयमा घडीको राम्रो मूल्य पायो र घडी बेचेर खुसी हुँदै घर फर्कियो ।

संग्रहालयमा लाखौं मूल्यमा पुरानो घडी बेचेर फर्केको छोरालाई सम्झाउँदै बुबाले भन्यो, 'हरेक वस्तु ठीक ठाउँमा पुऱ्याउनुपर्छ र सही मूल्य पाइन्छ।' यो कथाजस्तै राससले पनि अहिले संकलन गरेर प्रदर्शनीमा राखेका सामग्रीहरू गोदाममा थुप्रिएर बसेका थिए । ती सामग्रीलाई ठीक ठाउँमा संग्रह गरी प्रदर्शनीमा राखिएको छ भन्ने हाम्रो ठम्याइ हो। संग्रहालय आफैंमा एउटा अनुसन्धान र अध्ययन केन्द्र हो । पुर्खाले अर्जेको संरचनामा हामीले अहिले नयाँ प्रविधिमा अभ्यास गरिरहेका छौं। यो संग्रहालय ती पुर्खाहरूप्रतिको सम्मान पनि हो भन्न सकिन्छ ।

राससको मूल कार्य समाचार संकलन र सम्प्रेषण नै हो । राज्यको आधिकारिक सूचनालाई मिडियामार्फत जनतासम्म पुऱ्याउने र जनताको विचारलाई राज्यसम्म पुऱ्याउने पुलको रूपमा राससले भूमिका निर्वाह गरिरहेको छ । राससले आफ्नो सेवालाई समयनाकूल परिवर्तन गर्दै लगेको छ। राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदारको रूपमा राससले पहिचान बनाएको छ । हिजो थोरै मिडियाका लागि अति आवश्यक रासस आज आएर सबै मिडियाका लागि अपरिहार्य बनेको छ, बन्दै छ। हिजो राससको सेवा प्रयोग नगरी आफ्नै क्षमतामा समाचार उत्पादन गर्ने मिडियालेसमेत अहिले राससको सेवा लिएको कुरा सुनाउन पाउँदा हाम्रो यात्रा सही दिशामा केन्द्रित छ भन्ने लागेको छ ।

रासस नागरिकलाई सूचनाको हक सुनिश्चिता गराउन, सामाजिक रूपान्तरणको अभियानमा हातेमालो गर्न र आधिकारिक सूचना संप्रेषण गर्न अग्रमोर्चामा उभिएको छ । हामीले दिने सेवा समयनुकूल, आधिकारिक र सही छ भन्ने हाम्रो विश्वास हो। तर हामीले अहिले गरिरहेको कार्यमात्र पर्याप्त छैन भन्ने हाम्रो ठम्याइ हो । समाचार सम्प्रेषणका सन्दर्भमा हामीले धेरै गर्न बाँकी छ ।

आजको डिजिटल युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भाव प्रयास गरिरहेको छ । यसै सिलसिलामा राससले आफ्नो सेवालाई विविधीकरण गर्दै लगेको छ । नेपाली समाचारबाट सुरु भएको राससको सेवा अहिले अंग्रेजी र अन्तर्राष्ट्रिय समाचार, फिचर/आलेख/विचार, फोटो, भिडियो, अडियो सेवा हुँदै २०८० माघदेखि अवधि भाषामार्फत मातृभाषाको समाचार सेवा पनि सुरुआत गरेका छौं। यी सेवालाई रासस निरन्तर प्रगतिपथमा अग्रसर रहेको सूचकको रूपमा हामीले लिएका छौं ।

यस आर्थिक वर्षदेखि राससले २४सै घण्टा समाचार सेवा र मातृभाषामा थप दुई भाषाहरू मैथिली र नेपाल भाषामा समाचार सेवा सुरुआत गर्ने तयारी गरिरहेको जानकारी गराउन पाउँदा हामी गौरवबोध गरिरहेका छौं। राससले प्रारम्भ गर्ने २४सै घण्टा समाचार सेवाले नेपाली सञ्चारमाध्यमहरू अब पहिलाजस्तो डेटलाइनमा सीमित नरहने विश्वास छ । मातृभाषाको समाचार सेवाले नेपाली मिडियालाई विविध भाषामा समाचार संप्रेषण गर्न सहयोग पुग्ने छ। खासगरी मातृभाषामा सञ्चालन हुने सञ्चारमाध्यमको विकास र स्थायित्वका लागि यो सेवा कोशेढुंगा सावित हुने हाम्रो विश्वास छ ।

राससको समाचार सेवाको विविधीकरण गर्ने कार्यसँगै केही रचनात्मक कार्यसमेत गर्ने प्रयास गरिरहेको छ। राज्य र सरकारको कामलाई सहयोग र साथ दिन राससले गएको जेठ महिनामा 'समृद्धिका लागि पूर्वाधार' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो। यो तस्बिर प्रदर्शनीले नेपालमा विकास भएन, कुनै काम भएन भनेर, निर्माण भइरहेको भास्यलाई निरुत्साहित गर्न सहयोग पुगेको छ भन्ने लागेको छ।

आज राससले ६३ वर्षको अवधिमा प्रयोगमा ल्याएका वस्तुहरूको संग्रह गरेर रासस मिडिया संग्रहालय सञ्चालनमा ल्याएको छ । यो संग्रहालय राससले आफ्नो आन्तरिक स्रोत परिचालन गरेर स्थापना गरेको हो । राससको गोदाममा थुप्रिएका, बेकामे भनेर राखिएका, वर्तमानमा प्रयोगहीन ठहरिएका सामग्रीहरू संकलन गरेर स्थापना गरिएको, यो संग्रहालय राससलाई जीवन्त राख्ने एक प्रयास हो भन्दा अत्युक्ति नहोला ।

अहिलेको रासस व्यवस्थापन टिमले राससको इतिहासलाई अभिलेखीकरण गर्ने प्रयास गरिरहेको छ। यसैको एउटा खुड्किलोको रूपमा रासस मिडिया संग्रहालय पनि हो । २०८० फागुन ७ गते ६३औं वार्षिकेत्सवको सन्दर्भमा राससमा नेतृत्व गरेका अध्यक्ष, महाप्रबन्धक र सेवा गरेका कर्मचारीहरूको अनुभव र अनुभूतिलाई संग्रह गरेर एउटा पुस्तक प्रकाशित गरेका थियौं । यस वर्ष रासस मिडिया संग्रहालय स्थापना गरेर इतिहासलाई थप व्यवस्थित बनाउने प्रयास गरेका छौं ।

अहिले राससको संग्रहालयमा ४६ प्रकारका सामग्री संकलन गरी राख्न सकिएको छ। निश्चय पनि यी सामग्रीले राससको इतिहास र विकासक्रमलाई बुझ्न सहज हुने छ । यो मिडिया संग्रहालय नेपालको मिडिया विकासक्रमको विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरूका लागि उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ। डिजिटल युगको पत्रकारिता गरिरहेको पुस्तामा पुराना पुस्ताले विगतमा निर्वाह गरेको भूमिका बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा थोरै भए पनि परिवर्तन आउन सकेको खण्डमा हाम्रो प्रयास सार्थक भएको हामी ठान्ने छौं ।

*(लेखक राससका महाप्रबन्धक हुन्)*

# नेपाल-भारत सम्बन्धमा अविश्वास र विवादको छाया हट्नुपर्छ

▶▶ लोकेन्द्र श्रेष्ठ 'ईश्वर'

इतिहासदेखि नै नेपाल-भारत सम्बन्ध जटिल रहँदै आएको छ । आवरणमा देख्दा नेपाल-भारत सम्बन्ध शान्तिपूर्ण र भाइचाराको जस्तो देखिए पनि भित्री सम्बन्ध त्यस्तो मात्र छैन । सामाजिकरूपमा शान्त नै छ । तर, राजनीतिकरूपमा अस्थिर, आर्थिकरूपमा परनिर्भरता र कूटनीतिकरूपमा कामचलाउ सम्बन्ध नेपालको भारतसँग छ ।

नेपाल-भारत बीचको सबैभन्दा मजबुत सम्बन्ध भनेको सामाजिक सम्बन्ध नै हो, जसलाई नेपाल-भारतबीचको जनस्तरको सम्बन्ध भन्ने गरिन्छ । यसभित्र पारिवारिक, आर्थिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय, कामदार आदानप्रदानका सम्बन्धहरू पर्दछन्। खुला सीमा भएकै कारण नेपाल-भारतबीच यो सम्बन्ध निकै मजबुत छ । यदाकदाको आर्थिक उतारचढावबाहेक यो सम्बन्ध सधैं स्थिर छ ।

नेपाल-भारत जनस्तरको धार्मिक, सामाजिक, सांस्कृतिक सम्बन्ध, सन् १९५० को सन्धि र खुला सिमाना उल्लेख गर्दै भारतले 'विशेष सम्बन्ध'मा जोड दिँदै आएको छ। तर, विशेष सम्बन्धका नाममा कहिले नेपालको सार्वभौमिकता कुण्ठित भएको छ भने, कहिले राष्ट्रिय स्वार्थ संकुचित भएको छ। त्यसैले परम्परागत विशिष्ट सम्बन्धलाई थप प्रगाढ बनाउन अनि स्वाभिमानपूर्ण र पारस्परिक समान लाभमा रूपान्तरण गर्न सार्वभौमिकताको समान सिद्धान्तअनुरूप पुनःपरिभाषित गर्नुपर्ने नेपालको भनाइ रहँदै आएको छ। नेपाल-भारत सम्बन्धको अन्तर्विरोधपूर्ण प्रश्न यही हो, जसको निरूपण सबैभन्दा पहिले गर्नु दुवै पक्षका लागि जरुरी भइसकेको छ ।

२१औं शताब्दीमा कूटनीतिक सम्बन्धको प्रमुख आधार सार्वभौमिकताको समान सिद्धान्त हो । संयुक्त राष्ट्रसंघको बडापत्रमा पनि सोही सिद्धान्त अंकित छ । राजनीतिशास्त्रको परिभाषाअनुसार, देशको भौगोलिक आकार र आर्थिक तथा सैन्य हैसियत असमान भए पनि सार्वभौमिकता समान हुन्छ। भौगोलिक दृष्टिले सबैभन्दा ठूलो रसिया र सानो नाउरु तथा आर्थिक-सामरिक दृष्टिले सबैभन्दा शक्तिशाली अमेरिका र विपन्न बुरुन्डीको सार्वभौम हैसियत समान हुन्छ र सोही सिद्धान्तअनुसार कूटनीतिक सम्बन्ध स्थापित तथा विकसित गर्नु आजको आवश्यकता हो ।

बेलाबेलामा भारतीय सीमा सुरक्षाबलले सीमा स्तम्भ सार्ने गरेका कुरा सार्वजनिक हुने गरेका छन्। नेपाल-भारतको सीमा सम्बन्ध भारत-पाकिस्तान वा भारत-चीनजस्तो भने होइन । नेपालको सीमातर्फ खटिँदा सीमा सुरक्षाबललाई उताकै मोड र मुडमा खटाउँदा समस्या उत्पन्न हुनसक्छ। तसर्थ बल प्रयोग नगर्न र अमर्यादित व्यवहार नगर्न अभिमुखीकरण तालिम दिएर खटाउन उपयुक्त हुने छ ।

सीमामा स्तम्भ सार्ने काम नजिकका जग्गाधनीले जग्गाको क्षेत्रफल बढाउन पनि गर्न सक्छन् । सीमामा तत्काल कुनै समस्या भएमा यथास्थितिमा राखी यसको सूचना दुवैतर्फका सुरक्षाबलले प्रशासनलाई दिने र प्रशासनिक र कूटनीतिक माध्यमबाट प्रमाणका आधारमा समाधान गर्ने व्यवस्था गर्न सकिन्छ । यसका लागि 'हटलाइन' बनाउन सकिन्छ। नेपालका नदी भारततर्फ बग्दछन् र नेपाल उपल्लो तटीय राज्य हो। भारतले माथिल्लो तटीय राज्यको रूपमा बंगलादेशलाई जे दिन चाहन्छ, नेपालसँग पनि त्यही अपेक्षा गर्नुपर्ने हुन्छ। हित्तचित्त मिलेर लेनदेन हुनु आफ्नो ठाउँमा छँदै छ।

नेपालको हितविपरीतबीच पटक-पटक सीमा अवरोध भए पनि नेपाल र भारतबीच खुला सीमा रहेको छ। भारत नेपालको नजिकको र व्यावहारिक तटवर्ती मुलुक हो। समुद्रसम्म पुग्न पाउने नेपालको प्राकृतिक, परम्परागत र अन्तर्राष्ट्रिय कानुनी अधिकार हो। एउटा ठूलो तथा समान सभ्यता र संस्कृति एवं मूलतः समान आस्था राख्ने जनता भएको मुलुकले नेपालको पारवहन हकलाई प्राविधिकरूपमा भन्दा असल छिमेकीको रूपमा हेर्न जरुरी छ। कोशी सम्झौता लामो समयका लागि गरेका मुलुकहरूले पारवहन सम्झौतालाई व्यापार सम्झौतासँग जोडेर छोटोछोटो नगरी लामो अवधिका लागि गर्न तयार हुनुपर्छ।

नेपालको पशुपतिमा भारतीय नागरिक र काशी विश्वनाथ मन्दिरमा नेपाली नागरिक पुजारी हुन्छन्। नेपाली र भारतीय तीर्थाटन गर्न नगई नहुने ठाउँ दुवै देशमा छन् । तसर्थ, दुवैतिरका नागरिकलाई तीर्थाटनका लागि सुविधा पुऱ्याउन आवश्यक प्रबन्ध मिलाएर सम्बन्ध जनस्तरमा पुऱ्याउन सकिन्छ।

नेपाल र भारतले आ-आफ्नो देशमा रहेका समान सभ्यता, संस्कृति र सभ्यताको जगेर्ना गर्न साथ मिलेर काम गर्न सक्छन् । साथै, त्यसमा खलल पार्न तल्लीन परचक्रीका क्रियाकलापबारे सूचना आदानप्रदान गर्न र आपसी सहयोग बिस्तार गर्न सक्छन् । नेपाल र भारतबीचको व्यापारमा ठूलो असन्तुलन छ । नेपालजस्तो सानो अर्थव्यवस्था भएको मुलुक यस्तो असन्तुलन खप्नसक्ने अवस्था हुँदैन। तसर्थ यो असन्तुलन कम गर्न भारतले नेपाललाई उदारता देखाउनसक्छ । यो उदारता भारतको जस्तो ठूलो अर्थव्यवस्थाका लागि क्षमताविहीन दायित्व पनि हुँदैन ।

भारतीय सेनामा नेपाली नागरिक संगठितरूपमा भर्ती गरिने कार्य अझै निरन्तर छ। नेपालमा भारतीय पेन्सन पाउने कयौ व्यक्ति छन्। भारतीय दूतावासले पाँच करोड रूपैयाँसम्मका योजना दूतावासमार्फत चलाउने कार्य गर्दै आएको छ । यस्ता कार्य गर्न नेपाल अक्षम भन्ने पनि होइन र दूतावासको काम परियोजना सञ्चालन गर्नु पनि होइन। यो सम्झौता सार्वजनिक भएको पनि थाहा छैन। यद्यपि कतिपय पश्चिमा देशका दूतावास र राष्ट्रसंघीय निकायले पनि यस्ता गैरकूटनीतिक काम गर्दै आएका छन्।

नेपाल सरकार, भारतीयलगायत सबै दूतावास र राष्ट्रसंघले पनि नेपालको संविधानको मर्यादा राख्नैपर्छ । नेपालले सम्बद्ध सबै निकाय र दूतावासलाई यसबारे पत्राचार गर्न आवश्यक छ।

भारत र इण्डिया अब देखिने गरी फरक छन् । इण्डिया पश्चिमा लबीका एजेण्डामा काम गर्छ। उनीहरू र पश्चिमा नेपाललाई मूलतः उही चश्माबाट हेर्छन्। भारत आफ्नो परम्परा र सभ्यता मासिन पनि नदिने र सो मास्न उद्यत इन्डियन र त्यहाँ कार्यरत पश्चिमा गैरसरकारी संस्थालाई नियमन र नियन्त्रण गर्ने धारणा राख्छ। इन्डियनहरू त्यहाँको समाजका सबै खराबीको दोष भारतीय सभ्यतालाई दिने पश्चिमका धेरै कुरामा समर्थन जनाउँछन्। इन्डियनहरू पश्चिमाले लेखिदिएको वा लेखाएको इतिहास, समाजशास्त्र र मानवशास्त्रलाई नै एकल सत्य ठान्दछन्।

सीमा जोडिएको, खुला सिमाना भएको र सभ्यतामूलक सम्बन्ध भएको भारत र नेपालबीच जुन लेनदेन हुन्छ अन्य मुलुकले पनि सोही व्यवहार आफूसँग गर्नुपर्ने माग राख्ने गरेको पाइन्छ। कहिलेकाहीँ अरू मुलुकलाई नेपालले दिन नसक्ने सुविधा नेपालले भारतलाई दिन गाह्रो पर्न जाने हुन सक्छ । यसबारे पनि भारतले संवेदनशीलता देखाउन जरुरी हुनसक्छ।

भारत डिजिटल इण्डिया र इबैंकिङको युगमा प्रवेश गरिसकेको छ । नेपालमा भारतीय बैंकको लगानी रहेका बैंक पनि छन् । पारस्परिकताका आधारमा नेपाली बैंक भारतमा खोल्न बाधा हुनुपर्ने कारण छैन। नेपाल र भारतबीच उन्नत बैंक व्यवस्था हुँदाहुँदै पनि 'सोल्जर्स बोर्ड' राखी पेन्सन भुक्तानी गर्ने गरिएको छ। अब उप्रान्त पेन्सन रकम सीधै पेन्सनधारीको खातामा जम्मा हुने व्यवस्था मिलाउन सकिन्छ। यसो गर्नु मितव्ययी पनि हुन्छ।

उनीहरूले विदेशीले गलत अनुवाद गराएका प्राचीन शास्त्रका माध्यमबाट आर्यवर्तमा सदैव शोषण र अत्याचार थियो र त्यहाँका मानिस अझै पनि असभ्य छन् भन्ने मान्दछन् । तसर्थ भारतले इन्डियनलाई र नेपालले त्यस्ताका नेपाली फौबञ्जारलाई एकअर्काकोविरुद्ध केही गर्न दिन रोक्नुपर्छ।

नेपालमा भारतलगायत प्रायः दाता राष्ट्रका राजदूत र दूतावासका कर्मचारीले प्रोटोकल मिचेर भेटघाट गर्ने र अनौपचारिक तवरबाट कुरो टुंग्याउने प्रयत्न गर्छन् । भारतीय राजदूतले त ओहोदाको प्रमाणपत्र प्रस्तुत नगर्दै भेटघाट गर्ने गरेका कुरा पनि सार्वजनिक हुने गरेका छन् । तसर्थ कूटनीतिक भेटघाटलाई मर्यादित बनाउन प्रथमतः नेपालले नै प्रयास गर्नुपर्छ। भारतीय राजदूतले यसलाई गम्भीरतापूर्वक लिए अरु सबै मुलुकबाट हुने कूटनीतिक मर्यादाविपरीतका कार्य रोक्न नेपाललाई सजिलो हुने निश्चित छ । नेपाल र भारत दुवैले एक अर्काको भूमि एकअर्काको हितविपरीत प्रयोग गर्न दिन हुँदैन।

त्यसैले सार्वभौमिक समानताका आधारमा नेपालले अख्तियार गर्ने सन्तुलित र यथार्थवादी विदेश नीतिका आधारमा सम्बन्ध विकसित गर्न भारतले नयाँ नेपाल नीति अख्तियार गर्नु अपरिहार्य छ । यो भूराजनीतिक तथा कूटनीतिक यथार्थलाई भारतले आत्मसात् गरेर अगाडि बढ्नुको अर्को विकल्प छैन ।



**लाखे नाच** | संखुवासभाको सदरमुकाम खाँदबारी बजारमा नेवार समुदायको परम्परागत लाखे नाच नाँच्दै र ढोलक बजाउदै युथ क्लबका युवाहरू । नेवा: देय दबु संखुवासभाले पछिल्लो समय नयाँ पुस्तालाई नेवा कला संस्कृतिसम्बन्धी तालिम दिँदै आएको छ । *तस्बिर: सुजन बज्राचार्य/रासस*

# दुल्लुमा फहराइयो मुलुककै दोस्रो ठूलो राष्ट्रिय झण्डा

■ दिपेन्द्र कार्की बस्ताकोटी



**दैलेख–** नेपाली भाषाको ऐतिहासिक शिलालेख अवस्थित सिँजा राज्यको हिउँदे राजधानीको रूपमा परिचित दुल्लुको विकास निर्माण कछुवा गतिमा अघि बढ्दै गर्दा यहाँको इतिहास भने लोपउन्मुख अवस्थामा छ। दुल्लुमा रहेका विभिन्न ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्वका वस्तुहरूले उचित संरक्षण पाउन सकिरहेका छैनन् । त्यसो त दुल्लु पुग्नेहरूका लागि कोरा कल्पनाका वस्तुहरू केही छन् तर तिनको उचित व्यवस्थापन हुन नसक्दा फर्किनेहरूले वास्तविकता भने पाउन सकिरहेका छैनन् ।

यतिबेला भने दुल्लुका युवाहरू अघि बढ्ने जमर्को गरेका छन् । दुल्लु क्षेत्रमा केही समयअघि गठित युवाहरूको विशुद्ध संगठन कर्णाली युवा संघ दैलेखमा आबद्ध युवाहरूले दुल्लु नगरपालिकामा मुलुककै दोस्रो ठूलो राष्ट्रिय झण्डा फहराएका छन्। युवाहरूले नयाँ र फरक पहिचानका कार्यक्रम गर्दै सकारात्मक सोचको विकास गर्न प्रेरित गर्ने उद्देश्यका साथ उक्त झण्डोत्तलन गरिएको बताएका छन् ।

मुलुककै दोस्रो ठूलो राष्ट्रिय झण्डाको रूपमा नेपाली भाषाको एतिहासिक शिलालेख रहेको दुल्लु कीर्ति स्तम्भस्थित विजयापार्कमा उक्त भण्डोत्तलन गरिएको हो । विजया साहित्यिक पार्क, जहाँ यतिबेला नेपालका विभिन्न ३० वटा साहित्यकारहरूको प्रतिमासमेत रहेका छन् । उक्त स्थानमा दुल्लु क्षेत्रको पहिचानका लागि ५४ फिट अग्लो खम्बामा २५ फिट ठूलो झण्डा फहराइएको छ । जुन काठमाडौंको माइतीघर मण्डलमा राखिएको राष्ट्रिय झण्डापछिको दोस्रो ठूलो राष्ट्रिय झण्डा भएको दाबी गरिएको छ ।

उक्त राष्ट्रिय झण्डाको शनिबार एक औपचारिक कार्यक्रमकाबीच झण्डोत्तलन गरिएको हो । दुल्लु नगरपालिका नगरप्रमुख भरतप्रसाद रिजालले राष्ट्रिय झण्डाको झण्डोत्तलन गर्दै विजया साहित्यिक पार्कमा राखिएको झण्डाले समग्र कर्णाली प्रदेश र दुल्लु क्षेत्रको महिमा बढाउने बताए । युवाहरू समाज रूपान्तरणको खम्बासमेत भएकाले रचनात्मक काम गर्नुपर्नेमा उनले जोड दिए । उनले दुल्लु नगरपालिका युवाहरूको साथमा रहेकोसमेत प्रस्ट पारे ।

नगरपालिकाकी उपप्रमुख विना कार्कीले कर्णाली युवा संघलाई शुभकामना दिँदै विजया साहित्यिक पार्कलगायत राखिएको झण्डाको संरक्षणमासमेत युवाहरूले भूमिका खेल्नुपर्नेमा जोड दिइन् । उनले 'साहित्यिक पार्कमा राखिएका साहित्यकारहरूका प्रतिमा बिगारिएका छन्, चश्मा निकालिएका छन्, अनि केरकार गरिएका छन्, त्यतिमात्र होइन यहाँ लगाइएका बोटविरुवासमेत उखेलिएका छन् । यो संरक्षण गर्ने जिम्मेवारी पनि युवाहरूको हो, अब यो झण्डाको पनि रेखदेख गर्नु जरुरी छ,' उनले भनिन्

संघका अध्यक्ष ललित थापाले संघ कुनै राजनीतिक दलविशेष नभएको प्रस्ट पारे । समाजमा सकारात्मक क्रियाकलापबाट युवाहरूलाई प्रेरित गर्न र समाज रूपान्तरण गर्न सदाबहार तयार रहने उनले बताए ।

# बेनीमा परम्परागत 'वर्षे नाच'को रौनकता



**बेनी (म्याग्दी)–** सदरमुकाम बेनीमा परम्परागत 'वर्षे नाच'को रौनकता छाएको छ। बेनी बजारमा बस्ती बसेदेखि नै देखाउन थालिएको परम्परागत वर्षे नाचलाई नेवार समुदायको अगुवाइमा निरन्तरता दिइँदै आइएको छ ।

घण्टाकर्ण चर्तुदर्शीदेखि सुरु भएको वर्षे नाच हरितालिका तीजको दिनसम्म एक महिनाभन्दा बढी समय देखाउने गरिन्छ । बेनीमा नेपाल भाषामंका: खल: अन्तर्गतका युवाहरूको समूह ल्याम्ह: पुच:को नेतृत्वमा वर्षे नाच देखाउने गरिएको छ ।

यस वर्ष लाखे नाच, घोडा नाच, जोग नाच, नागनागिनी नाचसहित श्रीकृष्ण रथयात्रालगायतका कार्यक्रम समावेश गरिएको ल्याम्ह: पुच:का अध्यक्ष जेनेश श्रेष्ठले बताए । अघिल्ला वर्षहरूमा रोपाइँ, धानको बाला, गोरुलगायतका नृत्यसमेत वर्षे नाचमा समावेश गरिएको भए पनि यस वर्ष नाच व्यवस्थापनमा जनशक्ति थोरै भएकाले लाखे, घोडा, जोगिर नागनागिनी नाचलाई प्राथमिकता दिएर देखाउने गरिएको उनको भनाइ छ ।

पुर्खाले सुरु गरेको परम्परागत नाचलाई तालिम र अभ्यासका माध्यमबाट युवा तथा बालबालिकामासमेत सीप हस्तान्तरण गर्ने गरिएको अध्यक्ष श्रेष्ठको भनाइ छ । बेनीबजारमा दिनहुँजसो साँझपख विभिन्न नाच देखाउन थालेपछि वर्षे नाचको रौनकता बढेको छ । सडक र चोक चोकमा देखाइने वर्षेनाच हेर्न बालबालिका, युवायुवतीदेखि वृद्धवृद्धासम्म सडकतिर जम्मा हुने गर्छन् । वर्षे नाचमा नेवार समुदायका साथै बेनीमा बसोबास गर्ने अन्य जातजातिका युवायुवती र बालबालिकासमेत सहभागी हुने गर्छन् । बेनीकै सांस्कृतिक पहिचानका रूपमा रहेको वर्षे नाचमा नयाँ-नयाँ कलाकारहरूको आगमनले मौलिक नाचको संरक्षण र निरन्तरतामा सहयोग पुगेको लाखे नाचका संयोजक सन्दिप श्रेष्ठले बताए ।

परम्परागतरूपमा देखाइँदै आएको वर्षे नाचलाई संरक्षण गर्दै हराएर जाने अवस्थामा पुगेका नाचहरूलाई समेत निरन्तरता दिने गरिएको छ । वर्षे नाचमा समावेश गरिने नागनागिनी नाच नेपालभरमा म्याग्दीमा मात्र देखाउने नाचको रूपमा परिचित छ । जनैपूर्णिमा पर्वको दिनमा वर्षभरि दिवंगत भएका नेवार समुदायका व्यक्तिहरूको सम्झनामा सापारु अर्थात् नागनागिनी नाच देखाउने चलन रहेको छ ।

२०० वर्षभन्दा पुरानो वर्षे नाचको निरन्तरताको लागि बेनीमा नयाँ कलाकारलाई तालिम दिने गरिएको छ । परम्परादेखि चलिआएको संस्कृतिको निरन्तरता र मौलिकताको संरक्षणमा युवाहरूको उत्साहजनक सहभागिताले सहयोग पुगेको युवा कलाकार अभिनेष श्रेष्ठले बताए । आधुनिकताको प्रभावले मौलिक र रैथाने संस्कृति लोप हुँदै गइरहेको सन्दर्भमा वर्षे नाचलाई संरक्षण गर्ने दायित्व युवाको काँधमा आएको उनको भनाइ छ ।

वर्षे नाचमा मृढंगा र मादलको तालमा नृत्य देखाउने गरिन्छ । सबैजसो नाचमा परम्परागत समाजको चित्रण गर्ने चलन छ। खास गरि लाखे नाचमा परापूर्वकालमा समाजमा दुःख दिएको र विकृति फैलाएको घण्टाकर्ण नामको राक्षसको हत्यापछि राक्षसकी श्रीमतीले पति वियोगमा गरेको चरित्रलाई देखाउने गरिन्छ। वर्षे नाचअन्तर्गत तीजको दिनमा दानवीयस्वरूपको लाखेलाई भगवान् श्रीकृष्णले बध गरेपछि असत्यमाथि सत्यको विजयी हुने सन्देशसहित यो नाच समापन गरिने चलन छ । *रासस*

# भुकताङ्ले जोड्ने पातीचौर–लप्सीबोट सडक अवरुद्ध

**पर्वत (प्रस)–** प्रसिद्ध पर्यटकीय गाउँ भुकताङ्ले जोड्ने सडक विगत एक महिनाअघिदेखि अवरुद्ध बनेको छ । जिल्लाको मोदी गाउँपालिकाका देउपुर, देउराली र भुकताङ्ले गरी तीन वडालाई मध्यपहाडी लोकमार्गसँग जोड्ने पातीचौर-लप्सीबोट सडक अझै खुल्न नसकेको हो । गत असार २६ गतेको भीषण वर्षाका कारण सडक खण्डअन्तर्गत मोदीको वडा नं २ कोरूंगामा गएको ठूलो पहिरो पन्छाउन नसक्दा उक्त क्षेत्रका बासिन्दा सास्ती खेप्न बाध्य भएका छन् ।

झण्डै दुई किलोमिटर पक्की सडक पहिरोले पुरिनुका साथै संरचनासमेत भत्किएको स्थानीय भूमिराज शर्माले जानकारी दिए। यो सडक खण्डअन्तर्गत जरुवा, पानी खोल्सा, कोरूंगालगायतका स्थान पहिरोले पुरिएको छन् भने कतै बाढीले सडक नै बगाएको उनले बताए।

एक महिनाभन्दा बढी समय भइसक्दा पनि सो सडक खुलाउने कुनै प्रयास हुन सकेको छैन । सडक सञ्चालनका लागि गाउँपालिकाले समेत बेवास्ता गरेको स्थानीयको गुनासो छ । लामो समय सडक अवरुद्ध हुँदा यात्रुलाई निकै सास्ती हुनुका साथै अत्यावश्यक सामान ढुवानीमा समस्या भएको वडा नं १ भुकताङ्लेका वडाध्यक्ष टेकबहादुर गुरुङले बताए ।

सडककै कारण भुकताङ्ले र लप्सीवोटमा सञ्चालित दुई दर्जन बढी घरबास (होमस्टे)समेत सुनसान बनेका छन् । यहाँबाट हम्पाल, मोहोरेडाँडा, नागीलगायतका पर्यटकीय क्षेत्रमा जाने पर्यटकलाई समेत समस्या भएको उनको भनाइ छ।

उक्त क्षेत्रमा सञ्चालन हुने दर्जनौं सवारीसाधन महिनादिनदेखि कोरुंगामा थन्किएका छन् । त्यहाँबाट झण्डै दुई किलोमिटर पैदल हिँड्नुपर्ने बाध्यता स्थानीयको छ । सडक अवरुद्ध हुँदा सवारीसाधनको अभावमा बिरामीलाई समयमै स्वास्थ्य संस्थामा पुऱ्याउनसमेत नसकिएको स्थानीय सन्तोष तिमिल्सिनाले बताए। उनका अनुसार गाउँमा एम्बुलेन्स जाने अवस्था छैन । सिकिस्त बिरामी, गर्भवती र सुत्केरीलाई डोकोमा बोकेर अस्पताल लैजानुपरेको तिमिल्सिनाले बताए।

दैनिक कार्यालय तथा विद्यालय जाने कर्मचारी र शिक्षकले पनि उस्तै सास्ती व्यहोरेका छन् । आफ्ना सवारीसाधन पातिचौरमा थन्क्याएर उकालो हिँड्नुपरेको उनीहरूको गुनासो छ। पहिरोले क्षतिग्रस्त भएको सडक तत्काल सञ्चालन गर्न कठिन भएको वडा नं २ का वडाध्यक्ष बेलबहादुर कार्कीले बताए । अध्यक्ष कार्कीका अनुसार वैकल्पिक मार्गको रूपमा बेतेनी-गौडा-राहाले सडक स्तरोन्नति गरी सञ्चालनमा ल्याउने प्रयास थालिएको छ। उक्त वैकल्पिक सडक निकै चिप्लो र हिलो भएका कारण सवारीसाधन सञ्चालनमा समस्या आउने सवारी चालकहरूले बताएका छन् ।

'वैकल्पिक सडकबाट सवारीसाधन लिएर आउँछन्, तर सडक पार गर्न निकै कठिन हुने गरेको छ, कति त फर्किएर जान्छन्,' स्थानीय मीठू चापागाईंले भनिन् । स्थानीय राजेश गिरीले करिब डेढ किलोमिटरको सडक दुई-चार ठाउँमा सामान्य मर्मत गरी नियमित गाडी चल्नसक्ने अवस्था हुँदाहुँदै पनि बेवास्ता गरिएको गुनासो गरे ।

वैकल्पिक मार्गलाई पक्की सडकका रूपमा स्तरोन्नति गर्नसके बर्खाको समयमा यात्रुले सास्ती झेल्न नपर्ने उनले बताए । थोरै लगानीमा धेरै काम दिने छोटो दूरीको सडक निर्माणमा स्थानीय, प्रदेश र संघीय सरकारले लगानी गर्नुपर्ने उनीहरूको माग छ ।

कमजोर भूधरातलका कारण उक्त सडकमा बर्सेनि समस्या आउने गरेको गाउँपालिकाकी अध्यक्ष हिरादेवी शर्माले बताइन् । अवरुद्ध सडक खुलाउनका लागि तत्काल प्रयास गरिने उनको भनाइ छ। ग्रामीण सडक सञ्जाल सुधार आयोजनाअन्तर्गत विगत पाँच वर्षअघि कालोपत्र गरिएको उक्त सडकखण्ड बर्सेनि आउने पहिरोका कारण जीर्ण बनेको छ। उक्त कार्यालयसँगको परामर्शमा सडक मर्मत थालिने अध्यक्ष शर्माले बताइन् ।

# तनहुँमा डेंगी संक्रमित एक हजार नाघे

**तनहुँ (प्रस)–** तनहुँमा डेंगी संक्रमितको संख्या एक हजार नाघेको छ । यहाँ शुक्रबारसम्म एक हजार ८२ जनामा संक्रमण देखिएको स्वास्थ्य कार्यालय तनहुँले जनाएको छ ।

कार्यालयका सूचना अधिकारी सुदीप कँडेलले पछिल्लो दुई दिनमा मात्रै यहाँ १०८ जनामा संक्रमण देखिएको र कूल संक्रमितमध्ये ८१३ जना आँबुखैरेनी गाउँपालिकामा रहेका जानकारी दिए। यस्तै व्यास नगरपालिकामा ८७, शुक्लागण्डकी नगरपालिकामा १२०, भिमाद नगरपालिकामा चार, म्याग्दे गाउँपालिकामा सात र बन्दीपुर गाउँपालिकामा ५१ जनामा डेंगी संक्रमण पुष्टि भएको उनले बताए ।

डेंगी संक्रमण बढेपछि आँबुखैरेनी गाउँपालिकाले लामखुट्टेको बासस्थान खोज र नष्ट गर अभियानलाई तीव्रता दिएको छ । आँबुखैरेनी गाउँपालिका-३ का विभिन्न टोलमा पुगेर लामखुट्टेले फूल पार्ने सम्भावित ठाउँको खोजी गरी नष्ट गरिएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख अगमराज उपाध्यायले जानकारी दिए ।

गाउँपालिकाका अध्यक्ष शुक्र चुमानले डेंगी संक्रमण बढ्दै गएकाले सतर्कता अपनाउन सबैलाई आग्रह गरे । यहाँ आँबुखैरेनी अस्पतालले लक्षित वर्गलाई डेंगी संक्रमणमा निःशुल्क उपचार गर्ने निर्णय गरेकाले समयमै स्वास्थ्य परीक्षण गराउन पनि उनले आग्रह गरे । 'गरिब तथा आर्थिकरूपले विपन्न, नवजात शिशु, गर्भवती, सुत्केरी, बेवारिसे, अपांगता, सहाराविहीन अशक्त एवं अपांगता तथा ज्येष्ठ नागरिकलाई औषधि र आवश्यक परेमा अस्पतालमा भर्नालगायत सम्पूर्ण खर्च गाउँपालिकाको सिफारिसमा व्यहोरिने निर्णय भएको छ,' अध्यक्ष चुमानले भने ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FALCON EYE SECURITY SERVICES

पुर्व स्वीकृति मिति २०८१/०५/०१ | LT. No. 289431 | चलानी नं. ६०२०४७७८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | SUPERVISIOR | 3 | 0 | 2500 | ९२,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | GUARD | 13 | 14 | 1500 | ५५,२२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ९ गते (25th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले   सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Licence No.: 811/065/066

दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.

पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,

ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



## कुवेत/साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FARMOZA RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | LT. No. 309053 | चलानी नं. ६०२२३७०६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Chef/Kitchen Assistance | 3 | 0 | 140 | ६१,५३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FRAWAA ABDULTAH SALEH AT JUMAH TRADING EST

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | LT. No. 309061 | चलानी नं. ६०२२३०७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER LOADING AND UNLOADING | 2 | 0 | 1000 | ३५,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WADI AL NAHIL APIARIES FOR AGRICULTURE

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | LT. No. 309062 | चलानी नं. ६०२२३०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | WORKER LOADING AND UNLOADING | 6 | 0 | 1000 | ३५,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : WADI AL NAHIL CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | LT. No. 309063 | चलानी नं. ६०२२३०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LOAD AND UNLOAD LABOUR | 2 | 0 | 1000 | ३५,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FILLAS FUEL COMPANY IS A ONE PERSON COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | LT. No. 309064 | चलानी नं. ६०२२३११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 2 | 0 | 1800 | ६१,१८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : TM CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/04/३२ | LT. No. 309065 | चलानी नं. ६०२२३१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ भदौ ९ गते (25th Aug. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Sagarmatha International Employment Pvt. Ltd.

K.B INTERNATIONAL EMPLOYMENT (P) LTD

Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

# प्रभाव दैनिक


रूपशाला

## 'जस्ट लभ' निर्माण

काठमाडौं – सहरिया परिवेशलाई समेटेर वेब सिरिज 'जस्ट लभ' निर्माण भएको छ । योङ माइन्ड इन्टरटेनमेन्ट प्रालिको ब्यानरमा 'मेरी बास्सै'की कलाकार मुस्कान लामा र पर्यटन व्यवसायी अनु शाही ठकुरीले मिलेर यो सिरिज निर्माण गरेका हुन् । मुस्कानले सिरिज 'गोलमाल' र थुप्रै भिडियोमा अभिनय गरेकी छन् । निर्माण पक्षले सिरिजका तीनवटा पोस्टरसमेत सार्वजनिक गरेको छ । सिरिजमा मुनाल शिशिर कोइरालाको डेब्यू निर्देशन छ । निर्देशक कोइरालाले थुप्रै म्युजिक भिडियोको निर्देशन गरिसकेका छन् । मेघा सिरिजको रूपमा निर्माण भएको 'जस्ट लभ'मा कथा, पटकथा, संवाद र गीतसमेत कोइरालाकै छ ।








## थिन्ले 'लोकार्नो' चलचित्र महोत्सवमा पुरस्कृत

**काठमाडौं (प्रस)–** मीनबहादुर भाम निर्देशित चलचित्र 'शाम्बाला'ले स्वीट्जरल्यान्डमा जारी विश्वप्रसिद्ध लोकार्नो चलचित्र महोत्सव'को ७७औं संस्करणमा पुरस्कार (अवार्ड) जित्न सफल भएको छ । उक्त चलचित्रमा अभिनय गरेकी अभिनेत्री थिन्ले ल्हामोले 'बोक्कालिनो डिओर' पुरस्कार जितेका हुन् ।

अभिनेत्री ल्हामोले 'उत्कृष्ट अभिनय प्रस्तुति' विधामा जितेको पुरस्कारले नेपालका प्रतिभाशाली र उदीयमान कलाकारलाई प्रेरणा प्रदान गर्ने निर्देशक भामले बताए । उनले भने, 'यस महोत्सवको महत्वपूर्ण पुरस्कारमध्येको एक नेपाली कलाकारले पाउनुले विश्वव्यापी मञ्चमा दक्षिण एसियाको बढ्दो प्रभावको उदाहरणका रूपमा लिन सकिन्छ ।' उनले यो सफलता नेपालका चलचित्रकर्मी, हिमाली क्षेत्रका प्रेरणादायी, सवल तथा ऊर्जाशील महिला र विश्व समुदायप्रति समर्पण गर्न चाहेको बताए ।

नेपालको पश्चिमी हिमाली क्षेत्रमा प्रचलित बहुपतिप्रथाको कथा प्रस्तुत गरिएको उक्त चलचित्रमा अभिनेत्री ल्हामोसँगै सोनम तोप्द्न, तेन्जिङ डल्हाल, कार्म शाक्यलगायत कलाकारले अभिनय गरेका छन् । उच्च हिमाली गाउँकी एक गर्भवतीलाई श्रीमान्ले छाडेपछि आफ्ना देवरलाई लिएर उनको खोजीमा हिँडेको कथालाई निर्देशक भामले लेखक अविनाश विक्रम शाहसँग मिलेर लेख्नुभएको हो । यसमा मौलिकपना नहराओस् भनेर नेपालीसँगै तिब्बतको भाषा प्रयोग गरिएको छ ।

डोल्पाको चार हजार दुई सयदेखि छ हजारसम्मको उचाइमा छायाङ्कन गरिएको उक्त चलचित्रले गत साउन २३ देखि आजसम्म चल्ने महोत्सवमा अन्तर्राष्ट्रिय चलचित्रको 'पियाजा ग्राण्डे' विधामा प्रतिष्पर्धा गरिरहेको छ ।

# 'रावायण'को अधिकार बिक्री सुरु

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी भदौ २१ गते रिलिज हुने फिल्म 'रावायण' को विदेश प्रदर्शन अधिकार बिक्री सुरू भएको छ । यही क्रममा फिल्मको मध्यपूर्व र मलेशिया अधिकार महंगो मूल्यमा बिक्री भएको छ ।

निर्माण पक्षका अनुसार साथीभाई इन्टरटेनमेन्टले मध्यपूर्व र मलेशिया अधिकार किनेको हो । निर्माण पक्षले कति मूल्यमा फिल्म बिक्री भएको हो भन्ने खुलाएको छैन । पछिल्लोपटक सार्वजनिक फिल्मको शीर्ष गीतले फिल्मीवृत्तमा राम्रो हाइप बनाएको छ। फिल्मको पोस्टर, टिजरले पनि दर्शकमाझ कौतुहलता जगाएकोले महंगो रकममा फिल्म किनेको साथीभाइ इन्टरटेनमेन्टले जनाएको छ ।




सुदर्शन थापा प्रोडक्शन र पुजा शर्मा प्रोडक्शनको संयुक्त ब्यानरमा बनेको फिल्मकी निर्माता पुजा शर्मा हुन् । फिल्ममा सुशन पाठक कार्यकारी निर्माता छन् ।

फिल्ममा पल शाह, पुजा शर्मा, प्रियंका कार्की, प्रमोद अग्रहरी, निकीता चण्डक, प्रकाश शाह, कैलाश रावल, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदिप ढकाल, कैलाश रावल, अनिल कुर्मी, रजिता पराजुली, निमा पाण्डे, विशाल पहारी, सुशान्तकुमार श्रेष्ठ, योगेश भण्डारी, प्रेरणा गिरी र सुहान श्रेष्ठको अभिनय छ ।

फिल्ममा सुदर्शन थापाको कथा, शिवम अधिकारीको लेखन, प्रदीप श्रीवास्तव र राज गौरवको ओरिजिनल हिन्दी स्क्रिप्ट, सौरभ लामाको छायांकन, मिलन श्रेष्ठको सम्पादन, प्रमोद श्रीनिवासनको साउण्ड डिजाइन, निरज सिंह, रेवन आरती सिंहको संगीत, नकासा अजिज, कुनाल गान्जावाला, सोनु कक्करको स्वर, डा। कृष्णहरि बराल र प्रदीप श्रीवास्तवको शब्द, रेवन आरती सिंहको ओरिजिनल ब्याकग्राउण्ड स्कोर, उमेश चौधरीको आर्ट डिरेक्सन, विक्रम स्वार र रामजी लामिछानेको कोरियोग्राफी, श्री श्रेष्ठको एक्सन, समीर मियाँको भीएफएक्स, राजेन्द्र मोक्तानको कलर, विजय बस्यालको पोस्टर डिजाइन, नविन पुरीको प्रोडक्सन डिजाइन छ ।

फिल्मको वितरण आरआर फिल्मसले गर्नेछ भने डिजिटल पार्टनरको रूपमा ओएसआर डिजीटल रहेको छ ।

# ट्रेलरमा यस्तो देखियो फिल्म 'वर एण्ड वधु'

■ प्रभाव संवाददाता

**काठमाडौं–** भदौको १४ गतेबाट रिलिजमा आउन लागेको फिल्म 'वर एण्ड वधु'को ट्रेलर सार्वजनिक भएको छ । काठमाडौंमा एक कार्यक्रमकाबीच सार्वजनिक ट्रेलरमा लभ, रोमान्स, धोका, कमेडी र एक्सनले भरिएको छ । ट्रेलरमा विशेषगरि, आँचल र विवेकबिचको रोमान्स, लभ, धोका देखाइएको छ । मिलन चाम्सको निर्देशनमा तयार भएको यो फिल्ममा जानुका थापाको लगानी छ ।

अमित रिजाल कार्यकारी निर्माता रहेको फिल्मलाई एलआरके प्रोडक्सनको प्रस्तुतिमा तयार पारिएको हो । सुदिप बरालको डीओपी रहेको फिल्ममा मिलन श्रेष्ठको सम्पादन, साहिल खानको ट्रेलर, हिमाल केसीको एक्सन, प्रदीप भारद्धाजको लेखन, रविन्द्र न्यौपाने र अनिस स्याङ्देनको कोरियोग्राफी, सन्तोष लामाको कला निर्देशन, अर्जुन पोखरेलको संगीत छ ।

यो फिल्ममा आँचल शर्मा, विवेक कर्माचार्य, गरिमा शर्मा, विजु पार्की, किरण केसी, सरिता लामिछाने, कुसुम शर्मा, श्रृष्टी खड्का, हिमेश पन्त, दिनेश काफ्ले, यमन श्रेष्ठ, रविन्द्र खड्का, अंशु महर्जन र सिता न्यौपानेको अभिनय छ । नेपाल र रोमानियाको लोकेशनमा खिचिएको फिल्मले दर्शकलाई भरपुर मनोरञ्जन दिने भनाई निर्माण युनिटको रहेको छ ।



रंगशाला

साफ यू-२०

# नेपाल र श्रीलंका उद्घाटन खेलमा भिड्दै




■ प्रभाव संवाददाता

**काठमाडौं –** दक्षिण एसियाली राष्ट्रहरूबीच हुने यु-२० पुरुष साफ च्यामिपयनसिप फुटबल प्रतियोगिता आज (आइतबार)देखि सुरु हुँदैछ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल संघ (एन्फा) कम्प्लेक्सको खेल मैदानमा हुने उद्घाटन खेलमा नेपाल र श्रीलङ्काले प्रतिस्पर्धा गर्दैछन् । नेपाल र श्रीलङ्काबीचको खेल दिउँसो ३ बजे हुनेछ । नेपाली टोलिका यसपटक तयारीका लागि पर्याप्त समय पाएकाले जित हासिल गर्ने बताए । उनले तयारी पनि सातदोबाटो खेल मैदान गरेको भन्दै खेल पनि यही मैदानमा हुने भएकाले प्रतियोगितामा राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गरे ।

'तयारीका लागि करिब ४५ दिन समय पाएका थियौं । गत वर्ष यु-१९ खेलेका, 'ए' डिभिजनदेखि 'सी' डिभिजनसम्म खेलेका अनुभवी र केही नयाँ खेलाडी पनि आएका छन् । सन्तुलित समूह बनेको छ । हाम्रो लक्ष्य उपाधि जित्नु हो', प्रशिक्षक श्रेष्ठले भने ।

कप्तान कुशल देउवाले यसपटक समूह सक्षम र बलियो रहेकाले आफूहरू मानसिक रूपमा पनि तयार रहेको बताए । सन् २०१५ मा नेपालबाट सुरु भएको उक्त च्याम्पिनसिपको पहिलो संस्करण एन्फा कम्प्लेक्समा खेलाइएको थियो । उक्त प्रतियोगितामा नेपालले फाइनल खेलमा भारतलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै उपाधि जितेको थियो । नेपालले साफ यू-२० च्याम्पियनसिप आयोजना गर्न लागेको यो चौथो पटक हो । यसअघि नेपालले पहिलो संस्करणसहित सन् २०१९ मा तेस्रो र २०२३ मा पाँचौं संस्करण आयोजना गरेको थियो ।

त्यसपछि सन् २०१७ मा भुटानमा भएको उक्त च्याम्पियनसिपमा पनि नेपाल च्याम्पियन बनेको थियो । त्यसपछि भारतले लगातार तीन पटक जित्दै उपाधिमा ह्याट्रिक गरिसकेको छ । अहिलेसम्म पाँच संस्करण आयोजना हुँदा नेपाल दुई पटक विजेता र दुई पटक सेमिफाइनल पुगेको छ । एक पटक समूह चरणबाटै बाहिरिएको इतिहास छ ।

श्रीलङ्काका प्रशिक्षक देभ्साग्याम राजमनीले उक्त प्रतियोगिताको लागि आफ्नो टोली तयारी अवस्थामा रहेकाले प्रतियोगिताको फाइनलमा पुग्ने लक्ष्य राखिएको बताए । साविक विजेता भारतका प्रशिक्षक रञ्जन चौधरीले प्रतियोगिताको उपाधि जित्ने लक्ष्य रहेको बताए ।

बङ्गलादेशका प्रशिक्षक एकेएम मारूफुल हकले आफ्नो टोलीमा अनुभवी खेलाडीहरू भएकाले प्रतियोगिताको फाइनलमा पुग्ने लक्ष्य रहेको बताए । बङ्लादेश गत संस्करणको उपविजेता बनेको थियो । भुटानका कप्तान पेमा जाङ्गपोले यस पटक आफ्नो टोलीले नयाँ इतिहास रच्ने लक्ष्यका साथ मैदानमा उत्रने बताए ।

नेपाली टोलीमा कप्तान कुशल देउवासँगै जियारथ शेख, कृशल मोक्तान, विशाल केसी, सिमान्त थापा, अश्विन घोरासैनी, विक्रम तामाङ, आयुष तिम्सिना, अविनाश स्याङ्तान, जनप्रकाश बम, लक्षु थापा र मदन पौडेल छन् । त्यसैगरी राम थापा, समिन घिमिरे, सरोज दर्लामी, निनसाङ लिम्बू, नीरज कार्की, हरिशराज भट्ट, धर्मेन्द्र कुँवर, अनिल बम्जन, समिर तामाङ, निराजन धामी, र रोहन खड्गी छन् ।

# यू-१९ क्रिकेट विश्वकपको एसिया क्वालिफायर नेपालमा

■ प्रभाव संवाददाता

**काठमाडौं –** नेपालले आसीसी यू-१९ क्रिकेट विश्वकपको एशिया क्वालिफायर २०२५ को आयोजना गर्ने भएको छ ।

नेपाल क्रिकेट संघ (क्यान) का अनुसार आगामी अप्रिल १२ देखि २१ सम्म काठमाडौंमा सो प्रतियोगिता आयोजना हुने भएको हो । प्रतियोगिताको विजेताले २०२६ मा हुने आइसीसी यू-१९ विश्वकपमा भाग लिन पाउने छ । यू-१९ एशिया क्वालिफायरमा आयोजक नेपालसहित अफगानिस्तान, ओमान, हङकङ र युएईले भाग लिने छन् । १६ देशले भाग लिने यो प्रतियोगिता जिम्बाबेले आयोजना गर्ने बताइएको छ ।




# बूढानीलकण्ठ आश्रम विजयी

■ प्रभाव संवाददाता

**काठमाडौं –** बूढानीलकण्ठ आश्रमले १८औं ग्रिनल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर गर्ल्स शनिबार जित हात पारेको छ । धापासीस्थित आयोजक ग्रिनल्यान्डको कोर्टमा बूढानीलकण्ठ आश्रमले संस्कृतिलाई १४-१० ले पराजित गऱ्यो । बूढानीलकण्ठ आश्रमकी सम्भावीले ४ स्कोर गरिन् ।

सिनियर ब्वाइजमा वेदव्यासले स्कोलर्स होमलाई ३०-२२, भद्रकालीले फ्लोरोसेन्टलाई ३७-२१, न्युटनले बूढानीलकण्ठ आश्रमलाई



४०-३०, संस्कृतिले एक्टिभलाई ४५-३२ र भ्याली पब्लिकले आयोजक ग्रिनल्यान्ड 'बी' लाई ६३-५० ले हराए । वेदव्यासका दर्पणले १२, भद्रकालीका सुदिप श्रेष्ठले १८, न्युटनका अनिश गुरुङले १३, संस्कृतिका आयुशले १८ र भ्याली पब्लिकका अनिमेशले २२ अंक जोडे ।

जुनियर ब्वाइजमा एन्जल्स हार्टले किङडमलाई २७-२५, फ्लोरोसेन्टले भद्रकालीलाई ३१-२१, न्युटनले नव ज्ञानभूमिलाई २६-१८ र भ्याली पब्लिकले हिमरश्मीलाई २५-११ ले पाखा लगाए । एन्जल्स हार्टका रूपेश पौडेलले १२, फ्लोरोसेन्टका सम्बोधित पौडेलले १४, न्युटनका आशिष राईले १० र भ्याली पब्लिकका अशोक विकले १० स्कोर गरे ।

# एमपक्स खोपको उत्पादन बढाउन डब्ल्युएचओको आग्रह




**जेनेभा–** विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले शुक्रबार एमपक्स (मंकीपक्स) भाइरसको थप खतरनाक भेरियन्टको फैलावटलाई नियन्त्रण गर्न खोपको उत्पादन बढाउन उत्पादकहरूलाई आग्रह गरेको छ । डब्ल्युएचओले प्रजातान्त्रिक गणतन्त्र कंगोबाट सुरु भएर अन्य देशमा फैलिएपछि एमपक्सलाई बुधबार दुई वर्षमा दोस्रोपटक विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको छ ।

'एमपक्सको प्रकोपलाई नियन्त्रण गर्न हामीलाई साँच्चै नै खोपको उत्पादन बढाउन आवश्यक छ,' डब्ल्युएचओकी प्रवक्ता मार्गरेट हचारिसले पत्रकारलाई भनिन् । डब्ल्युएचओले एमपक्स खोपको भण्डारण भएका देशलाई हाल प्रकोप फैलिएको देशलाई वितरण गर्न आग्रह गरिरहेको छ । हालैका वर्षहरूमा डेनमार्कको औषधि उत्पादक बवेरियन नर्डिकद्वारा उत्पादित एमभिए-बिएन र जापानको एलसी-१६ गरी दुई प्रकारका एमपक्सविरुद्धको खोप प्रयोग भइरहेको छ।

हचारिसले पाँच लाख एमभिए-बिएन खोप हाल भण्डारमा रहेको र आवश्यकताअनुसार २४ लाख खोप तत्काल उत्पादन गर्न सकिने बताएकी छन् । सन् २०२५ का लागि खरिद अनुरोधमा थप एक करोड खोप उत्पादन गर्न सकिने उनको भनाइ छ ।

'एलसी-१६ खोपको भने व्यावसायीकरण गरिएको छैन । यो जापान सरकारको तर्फबाट उत्पादन गरिएको हो । यस खोपको पर्याप्त भण्डार छ,' हचारिसले भनिन् । डब्ल्युएचओले एलसी-१६ खोपको वितरणका लागि टोकियोसँग सहकार्य गरिरहेको बताएको छ । 'द डक्टर्स विदाउट बोर्डर्स च्यारिटी' नामक संस्थाले खोपको भण्डार भएका तर भाइरसको कुनै प्रकोप नभएका देशहरूले अफ्रिकाका प्रभावित देशलाई सकेसम्म धेरै खोप वितरण गर्न आग्रह गरेको छ। यसले बवेरियन नर्डिकलाई एमपक्स संक्रमण फैलिएको अधिकांश देशका लागि एमभिए-बिएन खोप पहुँचबाहिर रहेको भन्दै मूल्य घटाउनसमेत आग्रह गरेको छ ।

विश्वको सबैभन्दा ठूलो मानवीय सञ्जाल 'इन्टरनेसनल फेडेरेसन अफ रेड क्रस एन्ड रेड क्रिसेन्ट सोसाइटी' (आइएफआरसी)ले एमपक्स संक्रामक देशले भाइरससँग जुध्न चुनौती सामना गरिरहेको बताएको छ । आइएफआरसीका वरिष्ठ जनस्वास्थ्य आपत्कालीन अधिकारी ब्रोन्विन निकोलले अधिकांश खोप धनी देशसँग रहेको र अहिलेसम्म अफ्रिकामा पठाइएका खोपहरू प्रकोप नियन्त्रणका लागि पर्याप्त नभएको बताए ।

'महाद्वीपभरी परीक्षण, उपचार र खोपको गम्भीर अभाव छ । यी अभावहरूले प्रकोप नियन्त्रणमा बाधा पुऱ्याइरहेका छन्,' उनले भने । डब्ल्युएचओले सन् २०२२ मा पनि ७० भन्दा बढी देशमा फैलिएपछि मंकीपक्स भनेर चिनिने एमपक्सलाई विश्वव्यापी आपत्काल घोषणा गरेको थियो । यस वर्ष १० अफ्रिकी राष्ट्रमा एमपक्स पत्ता लागेको रोग नियन्त्रण र रोकथामका लागि डब्ल्युएचओका अफ्रिकी केन्द्रहरूले गत हप्ता बताएका छन् ।

'एमपक्सको संक्रमण अफ्रिकाभित्र र त्योभन्दा बाहिर फैलनसक्ने सम्भावना रहेकाले यो चिन्ताजनक अवस्था हो,' डब्ल्युएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयससले भने । प्रकोपलाई नियन्त्रण गर्न एक समन्वयकारी अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक रहेकोमा उनले जोड दिएका छन् । *रासस⁄एएफपी*

## अफ्रिकामा आठ महिनामा १८ हजारभन्दा बढीमा एमपक्स संक्रमण पुष्टि

**नैरोबी–** एकै हप्तामा एक हजार २०० जनामा एमपक्स संक्रमण प्रमाणित भएसँगै सन् २०२४ को जनवरीदेखि अफ्रिकामा कूल १८ हजार ७३७ जनामा भाइरसको संक्रमण फेला परेको अफ्रिकी युनियन स्वास्थ्य एजेन्सीले शनिबार जनाएको छ ।

स्वास्थ्य विभागको तथ्यांकअनुसार भाइरसको तीनवटा भेरियन्ट छन् जसमध्ये एउटा अधिक घातक, अधिक संक्रामक 'क्लेड-१ बी' हो । पछिल्लो समय बढिरहेको एमपक्स संक्रमणलाई विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) ले बुधबार अन्तर्राष्ट्रिय स्वास्थ्य आपत्काल घोषणा गरेको थियो । हालसम्म १२ अफ्रिकी सदस्य राष्ट्रहरूबाट तीन हजार १०१ घटनाहरू पुष्टि हुनुका साथै संक्रमणका कारण ५४१ जनाको मृत्यु भएको रोग नियन्त्रण र रोकथामका लागि अफ्रिका केन्द्र (सिडिसी) ले विज्ञप्तिमार्फत जनाएको छ ।

संक्रमणबाट सबैभन्दा बढी प्रभावित देश कंगोमा सन् २०२३ सेप्टेम्बरमा पहिलोपटक भाइरसको नयाँ 'क्लेड-१ बी' भेरियन्ट पत्ता लागेको थियो, जहाँ एक हप्तामा एक हजार पाँच जनामा संक्रमण पुष्टि भएकोमा २४ जनाको मृत्यु भएको थियो । लगभग १० करोड मानिस बसोबास गर्ने डिआरसीका सबै प्रान्तमा संक्रमणका घटनाहरू दर्ता भएका छन् । यसैगरी छिमेकी बुरुन्डीमा एमपक्सको १७३ केस रिपोर्ट गरिएको छ। अफ्रिका बाहिर स्वीडेन र पाकिस्तानमा पनि यस हप्ता एमपक्स संक्रमण फेला परेको छ ।

यसै सन्दर्भमा डब्ल्युएचओको आपत्कालीन समितिले सम्बन्धित निकायसँग खोप उत्पादन बढाउन आह्वान गरेको छ । एमपक्स एउटा भाइरल रोग हो जुन जनावरबाट मानिसमा फैलिन सक्छ, भने शारीरिक सम्पर्कको माध्यमबाट मानिसमा फैलिन सक्छ । यसका लक्षणहरूमा ज्वरो, मांसपेशी दुख्ने र छालामा ठूला फोकाजस्ता घाउहरू आउने हुन्छ । *रासस⁄एएफपी*

# गाजामा इजरायली हमला, एकै परिवारका १५ सदस्यको मृत्यु



**गाजापट्टी (प्यालेस्टिनी क्षेत्र)–** गाजाको नागरिक सुरक्षा विभागले शनिबार बिहान इजरायली हवाई आक्रमणमा नौ बालबालिका र तीन महिलासहित प्यालेस्टिनी परिवारका १५ सदस्यको मृत्यु भएको बताएको छ ।

मध्य गाजाको अल-जावैदामा रहेको अज्लाह परिवारको घरमा आक्रमण भएको नागरिक सुरक्षा प्रवक्ता महमुद बस्सलले बताए । इजरायली सेनाले यस घटनाबारे कुनै टिप्पणी गरेको छैन । 'अल-जावैदाको अज्लाह परिवारको घर र गोदाममा भएको इजरायली आक्रमणबाट १५ जनाको मृत्यु भएको छ,' बस्सलले भने ।

उद्धारकर्ताले आक्रमणबाट क्षतिग्रस्त घरको भग्नावशेषबाट शव निकाल्दा अहमद अबु अल-घौलले भने, 'तीनवटा रकेट सीधै घरमा खसेको थियो । भित्र बालबालिका र महिला थिए । उनीहरूको के दोष थियो ?' इजरायल र हमासबीच १० महिनाभन्दा बढी चलिरहेको युद्धले गाजाको विशाल भूभागलाई भग्नावशेष बनाएको छ । *रासस⁄एएफपी*



शनिबार इण्डोनेसियाको ७९औं स्वतन्त्रता दिवस मनाउनेक्रममा नुसान्तरमा निकालिएको झाँकी । *तस्बिरः सिन्ह्वा*

# भारतीय डाक्टर देशव्यापी हडतालमा




**नयाँदिल्ली–** सहकर्मीको 'बर्बर' बलात्कार र हत्यापछि विरोधलाई बढावा दिँदै भारतीय डाक्टरहरूले शनिबार राष्ट्रव्यापी हडताल गरेका छन् । जसले महिलाविरुद्ध हिंसाको पुरानो मुद्दामा आक्रोश फैलाएको छ ।

पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया डाक्टरको रगतले लतपतिएको शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो। हड्तालको नेतृत्व डाक्टर तथा स्वास्थ्य सेवाकर्मीहरूले गरेका भने १०औं हजार सर्वसाधारण पनि कारबाहीको माग गर्दै हड्तालमा सहभागी भएका छन् ।

प्रदर्शनकारीहरूले 'निको हुने हातबाट रगत बग्न हुँदैन,' 'इनफ इज इनफ', 'बलात्कारीलाई फाँसी दे' आदि लेखेका प्लेकार्डहरू बोकेका थिए । मृतक डाक्टरको शव शिक्षण अस्पतालको सेमिनार हलमा फेला पारिएको थियो । शवपरीक्षणले यौन उत्पीडनको पुष्टि गरेको छ भने अदालतमा दर्ता गरेको जाहेरीमा पीडितका आमाबाबुले छोरीलाई सामूहिक बलात्कार गरिएको आशंका गरेको उल्लेख छ ।

कोलकाताको प्रहरीले उक्त मुद्दालाई गलत तरिकाले लिएको आरोप लगाई उच्च अदालतले 'जनताको विश्वास जगाउन' अनुसन्धानलाई भारतको शीर्ष केन्द्रीय अनुसन्धान ब्युरोमा हस्तान्तरण गरेको छ ।

न्यायका लागि सरकारी र निजी दुवै मेडिकल युनियनहरूले हड्काललाई समर्थन गर्दै सोमबार सरकारी अस्पतालमा ओपिडी सेवाहरू 'अनिश्चितकालका लागि' रोकेका थिए । इन्डियन मेडिकल एसोसिएसन (आइएमए) ले शनिबार सेवाहरू फिर्ता र सबै गैरआवश्यक प्रक्रियाहरू निलम्बन गरेर विरोध प्रदर्शन बढाएको छ ।

आइएमएले उक्त हत्यालाई 'बर्बर' हत्याको संज्ञा दिएको छ । हड्तालमा संलग्न डाक्टरहरूले स्वास्थ्य सेवाकर्मीहरूलाई हिंसाबाट जोगाउन केन्द्रीय सुरक्षा ऐन लागू गर्न माग गरिरहेका छन् । हडतालले नियमित स्वास्थ्य सेवा प्रवाहसमेतमा बाधा पुऱ्याएको छ । *रासस⁄एएफपी*

## ताइवानको टापुमा जहाज डुब्दा तीन बेपत्ता

**ताइपेई–** चिनियाँ माछा मार्ने जहाज शनिबार अज्ञात जहाजसँग ठोक्किएर ताइवान टापुको तटमा डुब्दा माछा मार्ने जहाजका तीन सदस्य बेपत्ता भएको ताइवानको तटरक्षकले जनाएको छ ।

ताइवान र चीनलाई छुट्याउने साँघुरो जलमार्गमा बारम्बार हुने डुंगा दुर्घटनाले तनाव बढाएको छ । शनिबार बिहान चिनियाँ झण्डा भएको 'मिन लङ यु ६०८७७' जहाज किमेन टापुको तटबाट करिब ६.५ नटिकल माइल टाढा अज्ञात जहाजसँग ठोक्किएपछि डुबेको ताइवानको तटरक्षक प्रशासनले एक विज्ञप्तिमार्फत जनाएको छ । 'जहाजमा चालक दलका सात जना सदस्य थिए । चारजनालाई उद्धार गरिएको छ भने तीनजना बेपत्ता छन्,' विज्ञप्तिमा भनिएको छ ।

यस क्षेत्रमा उद्धारका लागि पठाइएको डुंगाले बेपत्ता चालक दलका सदस्य फेला पार्न नसकेको बताएको छ । ताइवानको तटरक्षक, यसका चिनियाँ समकक्षीहरूले तटमा खोजी र उद्धार गरिरहेको विज्ञप्तिमा भनिएको छ । *रासस⁄एएफपी*

## चीनको युवा बेरोजगारी दरमा वृद्धि

**बेइजिङ–** चीनको युवा बेरोजगारी दर जुलाई महिनामा बढेर १७.१ प्रतिशत पुगेको आधिकारिक तथ्यांकले देखाएको छ जुन यस वर्षकै सबैभन्दा उच्च हो । राष्ट्रिय तथ्यांक विभागको तथ्यांकअनुसार १६-२४ वर्ष उमेर समूहका मानिसहरूको बेरोजगारी दर जुन महिनामा १३.२ प्रतिशत रहेको थियो ।

युवाहरूमा बढ्दो बेरोजगारी विश्वको अर्थतन्त्रले सामना गरिरहेको अवरोधहरूमध्ये एउटा हो । एनबिएसले सार्वजनिक गरेको तथ्यांकअनुसार देशमा २५-२९ वर्ष उमेरका युवामा बेरोजगारी दर अघिल्लो महिना ६.४ प्रतिशतबाट बढेर जुलाईमा ६.५ प्रतिशत पुगेको छ ।

यसै सन्दर्भमा राष्ट्रपति सी चिनफिङले मे महिनामा बढ्दो युवा बेरोजगारीको अवस्थालाई 'शीर्ष प्राथमिकता' राखेर अगाडि बढ्नुपर्ने बताएका छन् । जुन महिनामा ११.८ मिलियन विद्यार्थीहरूले चीनको विश्वविद्यालयबाट स्नातक गरेसँगै रोजगार बजारमा अझै प्रतिस्पर्धा बढेको छ । *रासस⁄एएफपी*

## हमासद्वारा गाजा युद्धविरामका नयाँ सर्तहरू अस्वीकार

**दोहा–** हमासले कतारमा आयोजित अमेरिकी नेतृत्वको मध्यस्थकर्ताहरूले प्रस्तुत गरेको गाजा युद्धविराम प्रस्तावका 'नयाँ सर्तहरू' अस्वीकार गरेको जनाएको छ । योसँगै वार्ताका लागि कूटनीतिक प्रयासहरू असफल भएका छन्, यद्यपि अमेरिकी राष्ट्रपति जो बाइडेनले पछिल्लो चरणको वार्तापछि मध्यस्थकर्ताहरू वार्ताको पहिलेभन्दा धेरै नजिक पुगेको बताएका छन् ।

बाइडेनले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई पछिल्लो प्रस्ताव पेस गर्न यस सप्ताहन्तमा इजरायल पठाउने विदेश विभागले जनाएको छ। इजिप्ट, कतार र अमेरिकी मध्यस्थकर्ताहरूले मे महिनामा बाइडेनको ढाँचाकोलाई अन्तिम रूप दिन खोजिरहेका छन् । संयुक्त विज्ञप्तिमा, मध्यस्थकर्ताहरूले दुवै पक्षबीच वार्ता प्रस्ताव प्रस्तुत गरी आगामी दिनमा मानवीय प्रावधानहरू र बन्धकको आदानप्रदानमा काम जारी राख्न अनुरोध गरेका छन् । सम्झौता सुरक्षित गरी युद्ध अन्त्य गर्ने उद्देश्यले वार्ता अर्को हप्ता कायरोमा पुनः सुरु गर्ने तयारी गरिएको छ। दोहा वार्तामा भाग नलिई हमासले पछिल्लो योजनामा इजरायलको नयाँ सर्तहरूमा विरोधको घोषणा गरेको हो । यसैगरी इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले मध्यस्थकर्तालाई बाइडेनको ढाँचा स्वीकार गर्न हमासलाई 'दबाब' दिन आह्वान गरेका छन् । *रासस⁄एएफपी*

## गाजा–इजिप्ट सीमाका ५० वटा सुरूङ नष्ट

**तेलअभिभ (इजरायल)–** इजरायली लडाकु इन्जिनियरले गत महिनामा इजिप्ट-गाजा सीमा क्षेत्रका करिब ५० वटा हमासका सुरुङमार्ग ध्वस्त पारेको इजरायली रक्षाबलले जनाएको छ । इजरायली र अरब नेताहरूले कतारमा युद्धविराम वार्ताका क्रममा यस्तो यो घोषणा गरिएको हो । नष्ट गरिएका सबै सुरुङहरू फिलाडेल्फी कोरिडोरमा थिए जसको निर्माण सन् २००६ मा इजरायलपट्टीबाट अलग भएपछि हतियार तस्करी रोक्नका लागि सिर्जना गरिएको थियो ।

अगस्ट-४ मा आइडिएफको एलिट याहालोम कम्ब्याट इन्जिनियरिङ युनिटका सैनिकहरूले इजिप्टमा जाने तीन मिटर अग्लो तस्करी सुरुङ नष्ट गरेका छन् । सुरुङ फिलाडेल्फी कोरिडोर सुरक्षित गरी तस्करी सुरुहरू नष्ट गर्न हमासलाई पुनःशस्त्रीकरण गर्नबाट रोक्न र इजरायली बन्धकहरूसँग सिनाइमा भाग्नबाट आफ्ना नेताहरूलाई रोक्ने महत्त्वपूर्ण लक्ष्यका साथ गरेको जनाइएको छ । *एएनआई⁄टिपिएस*

वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मल: स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोन: ०१-४२७६५३०, फ्याक्स:०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोन: ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४९६०० | प्रति तोला - - | प्रति तोला - १७६० |



**लोठसल्ला खेती** | भोजपुरको आमचोक गाउँपालिकामा किसानले गरिरहेको व्यावसायिक लोठसल्ला खेती । आमचोक गाउँपालिका-२ मा सात जना कृषक मिलेर करिब तीन सय रोपनी जमिनमा लोठसल्लाको व्यावसायिक खेती थालेका हुन् । *तस्बिर : युवराज विष्ट, भोजपुर/रासस*

## साउनमा बजेट खर्चभन्दा राजस्व संकलन दोब्बर

■ प्रभाव संवाददाता

**काठमाडौं-** चालु आर्थिक वर्षको पहिलो महिना सरकारी बजेट खर्चभन्दा राजस्व सङ्कलन दोब्बर देखिएको छ ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार गत साउन महिनामा रु ४० अर्ब २० करोड ७६ लाख बराबर बजेट खर्च हुँदा रु ९६ अर्ब ९५ करोड ७१ लाख बराबर राजस्व उठेको हो । चालु आवको पहिलो महिनाको सरकारी खर्च वार्षिक लक्ष्यको दुई दशमलव १६ प्रतिशत र आम्दानी छ दशमलव ५९ प्रतिशत बराबर हो ।

एक महिनामा चालुतर्फ रु १२ अर्ब ३८ करोड २२ लाख अर्थात् वार्षिक लक्ष्यको एक दशमलव ० ९ प्रतिशत र पुँजीगततर्फ रु आठ अर्ब ५५ करोड ४८ लाख अर्थात् वार्षिक लक्ष्यको दुई दशमलव ४३ प्रतिशत बराबर छ । त्यस्तै, पुँजीगततर्फ वार्षिक लक्ष्यको पाँच दशमलव २५ प्रतिशत अर्थात् रु १९ अर्ब २७ करोड छ लाख बराबर खर्च भएको छ । चालु आर्थिक वर्षका लागि सरकारले चालुतर्फ रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख, पुँजीगततर्फ रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख र वित्तीय व्यवस्थातर्फ रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख बराबर विनियोजन गरेको छ ।

सरकारले चालु आर्थिक वर्षका लागि रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य छ । कर राजस्व रु १२ खर्ब ८४ अर्ब २० करोड, गैरकर राजस्व रु एक खर्ब ३५ अर्ब र वैदेशिक अनुदान रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर उठाउने लक्ष्य छ । चालु आर्थिक वर्षको पहिलो महिना सरकारले वैदेशिक अनुदान लिएको छैन । साउन महिनाको कुल सङ्कलित राजस्वमध्ये कर राजस्व रु ७७ अर्ब ४१ करोड २७ लाख र गैरकर राजस्व रु १७ अर्ब ३३ करोड छ ।

विद्युत् प्राधिकरणको ३९औं वार्षिकोत्सव

# ऊर्जा क्षेत्रको विकासका लागि सहकार्य गर्नुपर्छ : ऊर्जामन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं -** उज्यालो नेपालको सम्वाहकका रूपमा स्थापित नेपाल विद्युत् प्राधिकरणले शनिबार आफ्नो स्थापनाको ३९औं वार्षिकोत्सव मनाएको छ । यहाँ आयोजित वार्षिकोत्सव समारोहमा ऊर्जा क्षेत्रको थप विकासका लागि साझा सहकार्यको आवश्यकता औंल्याउँदै नीति तथा कार्यक्रमलाई व्यावहारिक बनाउनुपर्नेमा जोड दिएका छन् ।

वार्षिकोत्सव समारोहमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकको ऊर्जा क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरोकार भएका निकाय एकआपसमा मिलेर काम गर्ने विश्वास दिलाए । उनले 'ट्रङ्क' र 'डेडिकेटेड'लाइनमार्फत उद्योगी तथा व्यवसायीले प्रयोग गरेको बिजुलीबापतको रकम तिर्नैपर्ने बताए । विद्युत् खपत बढाउन आवश्यक पूर्वाधार जरुरी रहेको भन्दै मन्त्री खड्काले त्यसका लागि आवश्यक काम गर्न प्राधिकरणलाई निर्देशन दिए । उत्पादन, प्रसारण र वितरणका बीचमा आवश्यक तालमेल गरेर अगाडि बढेमा उल्लेख्य सफलता हासिल हुने उनले बताए ।

प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत ऊर्जामन्त्री खड्काले प्रसारण लाइनको अभावमा रसुवागढी जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्न समस्या भएको तथा मध्यभोटेकोशीको अवस्था पनि उस्तै रहेको बताउँदै तत्काल प्रसारण लाइन निर्माण सम्पन्न गर्नुपर्ने आवश्यता रहेकामा जोड दिए ।

ऊर्जा जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले विद्युत् खपत वृद्धिका लागि देशव्यापी रूपमा विद्युतीय सवारीसाधनको प्रयोग बढाउनुपर्ने बताए । ऊर्जा क्षेत्रको विकासमा बाधकका रूपमा रहेको वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्तिलगायत समस्या समाधान गर्न मन्त्रालयले आवश्यक पहल गर्ने उनले विश्वास दिलाए ।

राष्ट्रिय योजना आयोगका सदस्य डा आरपी विच्छाले प्राधिकरणले देश र नागरिकको पक्षमा गरेको काम र जिम्मेवारीप्रति धन्यवाद दिए । उनले विद्युत् उत्पादन बढाउने लक्ष्यलाई प्राप्त गर्न योजनाबद्ध रूपमा कार्यसम्पदान र कार्यान्वयन गर्ने महत्वपूर्ण निकायका रूपमा रहेको प्राधिकरणको हितका पक्षमा आयोगले काम गर्ने बताए ।

ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले विद्युत् प्रणालीको दिगो व्यवस्थापनका लागि सरकारले आवश्यक कार्ययोजनाका साथ काम गरिरहेको जानकारी दिए । उनले संसद्मा विचाराधीन विद्युत् विधेयक पारित भएपछि प्राधिकरणको कार्यक्षेत्र थप विस्तार हुने विश्वास व्यक्त गरे । विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले विद्युत् खपत गराउने योजनालाई स्पष्ट कार्ययोजनाका साथ कार्यान्वयन गर्नुपर्ने भएकाले आवश्यक सहजीकरणका लागि आयोग तयार रहेको बताए ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्को उत्पादन, प्रसारण र वितरण संरचना निर्माण गरी आमउपभोक्तालाई नियमित, भरपर्दो र सर्वसुलभ रूपमा विद्युत् सेवा प्रदान गर्न प्राधिकरण क्रियाशील रहेको बताए । उनले प्राधिकरणले पछिल्ला सात वर्षदेखि गर्दै आएको कार्यप्रगतिलाई गत वर्ष पनि निरन्तरता दिँदै विद्युत्को उत्पादन क्षमतामा वृद्धि गरिएको, प्रसारण तथा वितरण प्रणालीको विस्तार गरी आन्तरिक खपतमा वृद्धि गरिएको उल्लेख गरे ।

विद्युत् निर्यात वित्तीय अवस्थामा सुधार र विद्युत् चुहावट नियन्त्रणमा ऐतिहासिक उपलब्धि हासिल गर्न प्राधिकरण सफल भएको कार्यकारी निर्देशक घिसिङले बताए । हरेक वर्ष वृद्धि हुँदै आएको नाफाबाट उक्त अवधिभित्र प्राधिकरणले विद्युत् उत्पादन, प्रसारण र वितरणका विभिन्न आयोजनामा रु एक खर्बभन्दा बढी लगानी गर्न सफल भएको उनले जानकारी दिए ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले प्राधिकरणले आफ्ना सहायक तथा सम्बद्ध कम्पनीमा थप रु ५६ अर्बभन्दा बढी लगानी गरेको स्पष्ट पारे । उनका अनुसार प्राधिकरणको कूल सम्पत्ति गुणात्मक रूपले वृद्धि भई रु दुई खर्ब ११ अर्बबाट बढेर रु छ खर्ब ३२ अर्ब पुगेको छ । उपभोक्ता संख्या ५४ लाख ६० हजार पुगेको छ । सामुदायिक ग्रामीण विद्युतीकरणबाट विद्युत् सेवा उपभोग गरिरहेका चार लाख ७५ हजार ग्राहक राष्ट्रिय ग्रिडबाट विद्युत् सेवा उपभोग गर्ने ग्राहकको संख्या ५९ लाख ३५ हजार पुगेको छ । मुलुकभरका करिब ९९ प्रतिशत नागरिकमा विद्युत् सेवा पुगेको उनले जानकारी दिए ।

प्राधिकरणको आधिकारिक ट्रेड युनियनका अध्यक्ष जनार्दन भट्टराईले प्राधिकरणले नाफा कमाउँदा पनि बाँकी बक्यौता बढी रहेकाले तत्काल असुल उपर गर्न माग गरे । प्राधिकरणले सरकारलाई तिर्नुपर्ने ऋण रकममा स्थानीय तहले तिर्नुपर्ने बक्यौता रकम मिलान गरिदिए धेरै राहत हुने उनले उल्लेख गरे । अध्यक्ष भट्टराईले डेडिकेटेड र ट्रक लाइन महसुलमा प्राधिकरणले उठाउनुपर्ने सबै रकम उठाउनुपर्ने माग गरे । प्राधिकरणले गत आवमा रु १३ अर्ब नाफा गरेको र कूल सञ्चित नाफा रु ४७ अर्ब बराबर पुगेकाले कर्मचारीलाई 'बोनस' उपलब्ध गराउनुपर्नेमा उनले जोड दिए ।

स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान) का अध्यक्ष गणेश कार्कीले उद्योगी तथा व्यवसायीले प्रयोग गरेको बिजुलीबापतको रकम तिर्नुपर्ने बताए । उनले प्राधिकरण सबल भए मात्रै ऊर्जा उत्पादकहरू पनि सक्षम हुने उल्लेख गरे । कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गर्ने प्राधिकरणका कार्यालय र आयोजनालाई सम्मान गरिएको थियो ।

## हेटौंडा सिमेन्ट उद्योगको अवलोकनमा उद्योगमन्त्री

■ प्रभाव संवाददाता

**मकवानपुर-** उद्योगमन्त्री दामोदर भण्डारीले सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगलाई दीर्घकालीन रूपमा सञ्चालन गर्न संघीय सरकारले गृहकार्य गरिरहेको बताएका छन् ।

हेटौंडा सिमेन्ट उद्योगको निरीक्षण गर्दै मन्त्री भण्डारीले सिमेन्ट उद्योगको समस्याका बारेमा संघीय सरकारलाई अवगत रहेको बताए । उद्योगको वर्तमान अवस्थाबारे जानकारी लिँदै उनले संघीय सरकारले चरणबद्ध रूपमा गृहकार्य गरिरहेको बताए । हेसिउली उद्योग व्यवस्थापन समितिले पनि उद्योगमा अनावश्यक खर्च कटौती गरी उद्योगको प्रतिएकाइ लागत न्यूनीकरण गरी प्रतिष्पर्धात्मक बजारमा उपस्थित हुनुपर्ने मन्त्री भण्डारीले जोड दिए ।

समितिका अध्यक्ष नरेन्द्र भण्डारीले उद्योगका पुराना प्रविधिका मेशिनरी हटाएर नयाँ प्रविधिका मेशिन जडान गरी आफ्नो उत्पादनलाई उपभोक्तामा लैजानुपर्ने बताए । अध्यक्ष भण्डारीले हेटौंडा सिमेन्ट उद्योगको उत्पादनको साख उपभोक्ता माझ कायमै रहेकाले उद्योगलाई कुनै पनि हालतमा निरन्तर सञ्चालनमा ल्याउन सरकारको सहयोगको अपेक्षा



रहेको बताए । उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले हेटौंडा सिमेन्ट उद्योग चरम आर्थिक सङ्कटका कारण पटकपटक बन्द गर्नुपरिरहेको बताउँदै उत्पादनलाई थप वृद्धि गर्न पुराना प्रविधिका मेशिनबाट काम लिन नसकिने अवस्था रहेकाले नयाँ प्रविधिका मेशिन जडान गर्न सरकारले सहयोग गर्नुपर्ने मन्त्री भण्डारीसमक्ष माग गरे ।

मन्त्री भण्डारीले हेटौंडा औद्योगिक क्षेत्रमा रहेको हेटौंडा कपडा उद्योगको पनि वर्तमान अवस्थाका बारेमा निरीक्षण गरेका छन् । कपडा उद्योग सञ्चालनको 'मोडालिटि'बारे सरकारले गृहकार्य गरिरहेको जानकारी दिंदै मन्त्री उनले कपडा उद्योग सञ्चालनमा आउँदा एक हजार युवाले रोजगार पाउने बताए । हेटौंडा उपमहानगरपालिका-१४ मयुरधापमा निर्माणाधीन औद्योगिक क्षेत्रको पनि मन्त्री भण्डारीले आज नै अवलोकन गर्नुभएको छ । पर्सा राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका कारण मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्न वन मन्त्रालयले अवरोध गरिरहेको छ ।

मन्त्री भण्डारीले वन मन्त्रालयसँग समन्वय गरी छिट्टै मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य अघि बढाउने जानकारी दिनुभयो । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापक संगीता कुँवर, हेसिउली व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले मयुरधाप औद्योगिक क्षेत्रको हालसम्मको प्रगतिका बारेमा जानकारी गराएका थिए ।

मन्त्री भण्डारीले मकवानपुर उद्योग वाणिज्य संघमा उद्योगी तथा व्यवसायीसँग वर्तमान समसामयिक समस्याका बारेमा छलफल गरेका छन् । उपमहानगरपालिकाले चालु आर्थिक वर्षदेखि नगरपालिकाका विभिन्न शिर्षकका करका दर एक सय ५३ प्रतिशतसम्म बढाएर उद्योगी व्यवसायीलाई दुःख दिएको संघका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले मन्त्री भण्डारीसमक्ष गुनासो राखे ।

## अलैंची र सुन्तला उत्पादन बढाउन 'सुपर जोन' कार्यक्रम

■ प्रभाव संवाददाता

**किमाथांका-** कृषिमा आधुनिक प्रविधि भित्राएर आत्मनिर्भरता बनाउने उद्देश्यले छ वर्षयता कृषि परियोजना सञ्चालनमा ल्याइएको छ । संखुवासभा र भोजपुर दुई जिल्ला समेटेर अलैंची र सुन्तलालाई सुपर जोन क्षेत्र बनाइ कार्यान्वयन गरिएको हो ।

उक्त परियोजनाअन्तर्गत सप्वासभाका १० र भोजपुरका छ स्थानीय तहमा कार्यक्रम लागु गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ संखुवासभाका प्रमुख नवराज गुरुङले जानकारी दिए । अलैंची सुपर जोनतर्फ २३ सय १३ हेक्टरमा र सुन्तला सुपर जोनतर्फ छ सय ८७ हेक्टरमा कार्यक्रम लागु गरिएको उनले बताए ।

सुपर जोन क्षेत्रमा अलैंची र सुन्तला उत्पादन बढाउन यो वर्ष सिँचाइ पूर्वाधार र सुधारिएको आधुनिक अलैंची भट्टी निर्माण कार्यक्रम राखिएको परियोजना एकाइ प्रमुख गुरुङले उल्लेख गरे । परियोजनाका लागि चालु आर्थिक वर्षमा पुँजीगततर्फ रु २० लाख र चालुतर्फ रु चार करोड ४७ हजार बजेट विनियोजन गरिएको उनले जानकारी दिए ।

सिँचाइ पूर्वाधार निर्माण गर्न रु ७० लाख, सुधारिएको आधुनिक भट्टी निर्माण र जडानमा रु ४६ लाख, अलैंची बाली प्राथमिक प्रशोधन उद्योग स्थापना गर्न रु २५ लाख, सुन्तलाको भण्डारण गर्न मिनि चिस्यान केन्दै स्थापना कार्यक्रमका लागि रु २१ लाख र सुन्तला बालीको क्षेत्र विस्तारमा रु २१ लाख विनियोजन गरिएको उनले जानकारी दिए । चालु आवमा अन्य २४ कार्यक्रमसमेत पारित भएका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ